# स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि
# शिक्षक निर्देशिका

## विषयसूची


| | |
|---|---|
| १. परिचय | २ |
| २. शिक्षकको पूर्व तयारी | २ |
| ३. विषय क्षेत्र | २ |
| ४. प्रस्तुतिको ढाँचा | ४ |
| **कक्षा १ का लागि** | |
| १. पाठ्यक्षेत्र - स्थानीय भूगोल, कला र संस्कृति | ५ |
| २. पाठ्य क्षेत्र : स्थानीय प्रशासन, शिक्षा र विकास | ८ |
| ३. पाठ्य क्षेत्र : विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | १० |
| ४. पाठ्यक्षेत्र : स्थानीय उत्पादन, उद्योग र व्यवसाय | १३ |
| ५. पाठ्यक्षेत्र - सहकारी र बैङ्क | १५ |
| ६. पाठ्य क्षेत्र : खेलकुद र नैतिक चरित्र | १८ |
| **कक्षा २ का लागि** | |
| १. पाठ्यक्षेत्र - स्थानीय भूगोल, कला र संस्कृति | २१ |
| २. पाठ्य क्षेत्र : स्थानीय प्रशासन, शिक्षा र विकास | २५ |
| ३. पाठ्य क्षेत्र : विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | २८ |
| ४. पाठ्यक्षेत्र : स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ३१ |
| ५. पाठ्यक्षेत्र - सहकारी र बैङ्क | ३४ |
| ६. पाठ्य क्षेत्र : खेलकुद र नैतिक चरित्र | ३७ |
| ५. विद्यार्थीको सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन विधि | ४० |

## १. परिचय

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधान अनुसार स्थानीय तहले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरेको छ। उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा कायम गरेको छ। नेपाल सरकार, शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय, पाठयक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ। सोही आधारमा गैंडाकोट नगरपालिकाबाट आधारभूत तहमा कक्षा १ देखि ३ सम्मको स्थानीय विषय पाठ्यक्रम तयार भएको छ । शैक्षिक सत्र २०७८ बाट कक्षा १ र २ मा यो पाठ्यक्रम लागु हुन गैरहेको छ ।

यो पठ्यक्रमलाई कार्यान्वयन गर्दा शिक्षकहरूलाई सहज होस् र विद्यार्थीहरूले सिर्जनात्मक रूपमा सिकाइ क्रियाकलापमा सम्लग्न रहन सकून भन्ने मुख्य उद्देश्यका आधारमा यो शिक्षक निर्देशिका तयार पारिएको छ । यो निर्देशिकाले स्थानीय रूपमा उपलब्ध हुन सक्ने सामग्रीहरू र ज्ञानको अधिकतम उपयोग गर्दै आधुनिक ज्ञान र विज्ञानसँग हाम्रो शिक्षालाई जोड्न शिक्षकले नै अधिकतम मेहनत गर्न आवश्यक छ भन्ने आधारमा केही सुझावहरू  र सम्भाव्य तरिकाहरू स्पष्ट पार्न प्रयत्न गरेको छ। यसको आधारमा  विद्यालयले स्थानीय रूपमा रहेका ज्ञानको स्रोतहरूको उपयोग गर्ने कार्ययोजना सहित विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सक्रिय सहभागी गराउन आवश्यक छ। यो शिक्षक निर्देशिकाले शिक्षकहरूलाई उपरोक्त उद्देश्य हासिल गराउन के कसरी चलयामान गराउन सकिन्छ, सो बारेमा दिशा निर्देश गर्न यो निर्देशिका सहयोगी हुने छ, भन्ने विश्वास लिइएको छ ।

यो पुस्तिकाको सहयोगबाट स्थानीय पाठ्यक्रमले निर्धारण गरेका पाठ्यक्षेत्रलाई सहज तरिकाबाट विद्यार्थीलाई सिकाइ क्रियाकलपामा सम्लग्न गराउन र तोकिएका सिकाइ उपलब्धि हासिल गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। शिक्षकहरूले यो निर्देशिकाबाट प्राप्त निर्देशनका अलवा आफ्नो परिवेश र विद्यार्थीको रुची र स्तर अनुसार सिकाइका विभिन्न तरिकाहरू अपनाउन सक्नु हुनेछ । कलिला नानीबाबुहरूलाई आफ्नो सेरोफेरो र आफ्नो माटोप्रति गर्व गर्ने बनाउन, आफैँले आफैँलाई पहिचान गर्न तथा आफ्नो क्षेत्रको व्यावसायिक सम्भावनाको खोजी गर्न सक्ने बनाउने स्थानीय पाठ्यक्रमको उद्देश्य भएको हुनाले शिक्षकहरूले सिर्जनात्मकता र मौलिकतालाई प्रस्फुटन गर्ने गरी विद्यार्थीहरूलाई क्रियाशील बनाउन हुन विविध उपायहरू अपनाउन हुन आवश्यक छ ।

## २. शिक्षकको पूर्व तयारी

नेपाल सरकारबाट एकिकृत पाठ्यक्रम कक्षा १-३ को ढाँचा, २०७६ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा अन्य विषयका अतिरिक्त स्थानीय तहबाट विकास गरी संस्कृत भाषा, मातृभाषा वा स्थानीय विषय अध्यापन गराउन पर्ने राख्नु पर्ने प्रावधान छ। स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गरी लागु गर्नु पर्ने प्रावधान रहेको छ ।

शिक्षकले सिकाइ सहजीकरण कुन कक्षाको कुन पाठ्यक्षेत्रबाट शुरु गर्न लागेको हो भन्ने कुराको एकीन पाठ्यक्रमबाट गर्नु पर्दछ । यसका लागि पाठ्यक्षेत्रमा भएका विषय वस्तु र ती विषय क्षेत्रमा हासिल गराउनु पर्ने सक्षमताको निर्धारण गर्नु पर्छ। सिकाइ उपलब्धि हासिल गराउन सम्भावित समय अवधिको ख्याल गरी शिक्षकले योजना सहित विद्यार्थीलाई सिकाइ सहजीकरण गर्नु पर्दछ।

## ३. विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले गैंडाकोट नगरपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक, सामाजिक, स्थानीय विज्ञान र गाणित, उत्पादन र उद्योग, खेलकुद नैतिक चरित्रका क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिबृत्तिका पक्षहरूलाई समेटेको छ। स्थानीय आवश्यकताको आधारमा

आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर उक्त क्षेत्रहरू पाठयक्रम तयार गरिएको छ। पाठ्यक्रमले आधारभूत तह ( कक्षा १-३) का लागि निर्धारण गरिएका पाठ्यक्षेत्रहरू तथा ती पाठ्यक्षेत्रमा हासिल हुनु पर्ने सिकाई उपलब्धि/सक्षमता विकास गराउन लाग्ने सम्भावित समयलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**विषय क्षेत्र, विस्तृतीकरण र सम्भावित कार्यघण्टा**

| विषय क्षेत्र | मुख्य विषय क्षेत्रको विस्तृतीकरण | |
|---|---|---|
| | **विषय क्षेत्र** | **कार्यघण्टा** |
| १) स्थानीय भूगोल, कला र संस्कृति | • नगर क्षेत्रभित्रको प्राकृतिक संरचना र वातावरण<br>➢ समथर भूभाग, पहाड, बगर र गौचरन<br>➢ खोला, खोल्सा, नदी र ताल<br>➢ वन, सामुदायिक वन, वनस्पति र जडीबुटी<br>➢ ढुङ्गा, माटो, बालुवा र चट्टान<br>➢ खानी र खनिज<br>• परम्परागत र आधुनिक शैलीका मूर्तिहरू<br>• स्थानीय क्षेत्रमा अवस्थित समुदायको मातृभाषा, चाडपर्व, रीतिरिवाज, जातीय परम्परा र भेषभूषा | ३२ |
| २) स्थानीय प्रशासन, शिक्षा र विकास | • राज्यको राजनैतिक विभाजन<br>➢ केन्द्र, प्रदेश र स्थानीय तह<br>➢ स्थानीय सरकारका विभिन्न अङ्गहरू : अधिकार र कार्य क्षेत्र<br>➢ नगर सभा<br>➢ नगर कार्यपालिका<br>➢ वडा कार्यलयहरू<br>➢ विभिन्न विषयगत समितिहरू<br>• शैक्षिक सेवा प्रदायक संस्थाहरू<br>• शिक्षा अधिकारको रूपमा<br>• शिक्षा र जीवनको सम्बन्ध<br>• विकासको बाहकको रूपमा शिक्षा<br>• राष्ट्रिय आवधिक योजना तथा स्थानीय आवधिक तथा वार्षिक योजना<br>• विकासका राष्ट्रिय गौरव र स्थानीय गौरवका प्रतीक<br>• विकासको वाहकको रूपमा शिक्षा | ३२ |
| ३) विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | • सूचना तथा सञ्चारका साधन<br>• विद्युत, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स साधनहरू<br>• गणित र जीवनको सम्बन्ध<br>• विज्ञान र जीवनको सम्बन्ध<br>• यन्त्र तथा मेकानिकल प्रविधि | ३२ |

| | | |
|---|---|---|
| ४) स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ● स्थानीय पेशा र व्यवसाय<br>➢ कृषि,<br>➢ पशुपंक्षी<br>➢ मत्स्य<br>● उद्योग/कलकारखाना<br>● यातायात र पर्यटन<br>● होमस्टे तथा होटल | ३२ |
| ५) सहकारी र बैङ्क | ● वचत र खर्च प्रणाली<br>● लेखा प्रणाली<br>● सामूहिक आर्थिक क्रियाकलाप तथा वचत र ऋण | १६ |
| ६) खेलकुद र नैतिक चरित्र | ● कोठा भित्र र कोठा बाहिरका खेलहरू<br>● राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेल<br>● खेलको प्रबर्द्धन गर्ने निकायहरू<br>● व्यक्तिको असल चरित्र र संस्कृति<br>● आदर, सम्मान, माया, ममता र आपसी सम्बन्ध | १६ |
| | जम्मा | १६० कार्यघण्टा |

**४. प्रस्तुतिको ढाँचा**

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले गैंडाकोट नगरपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक, सामाजिक, स्थानीय विज्ञान र गाणित, उत्पादन र उद्योग, खेलकुद नैतिक चरित्रका क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिबृत्तिका पक्षहरूलाई समेटेको छ। स्थानीय आवश्यकताको आधारमा आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर उक्त क्षेत्रहरू पाठयक्रम तयार गरिएको छ। पाठ्यक्रमले निर्धारण गरेका विषय क्षेत्रको विस्तृतीकरण अनुसार विद्यार्थीको उमेर समूहलाई ध्यान दिएर कक्षागत सक्षमताहरू निर्धारण गरिएका छन् । यो शिक्षक सहयोगी सामग्रीले उक्त सक्षमताहरू हासिल गराउन के कस्ता क्रियाकलाप गराउनु पर्ने र कस्तो मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने भनी दिशा निर्देश गरिएको छ । विद्यालय र विद्यार्थीको रुची र तत्परता अनुसार शिक्षकले अन्य तौर तरिका अपनाउन पनि सक्नु हुनेछ। तर तोकिएका सक्षमता र सिकाइ उपलब्धिलाई विशेषत ध्यान दिएर शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय बनाउनु पर्ने छ। पाठ्यक्रमले निर्धारण गरेका प्रत्येक सिकाइ सक्षमताका आधरमा समय निर्धारण गर्ने र सोही अनुसार शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप सञ्चालन र मूल्याङ्कनका लागि सहज होस् भनी प्रस्तुतिका लागि अपनाइएको ढाँचा निम्न अनुसार रहेको छ ।

**१. पाठ्यक्षेत्र -**

क) सक्षमता :

ख) सम्भावित कार्य घण्टा :

ग) आवश्यक शैक्षिक सामग्री :

घ) शैक्षिक क्रियाकलापः

ङ) मूल्याङ्कन :

यही आधारमा ६ ओटा पाठ्यक्षेत्रमा निर्धारण गरिएका विषय वस्तु र हासिल हुनु पर्ने सिकाइ सक्षमताका लागि गर्नु पर्ने अन्य क्रियाकलापहरू समेत प्रस्तुत गरिएका छन् । शिक्षकले आफ्नो विद्यालयको परिवेश अनुसार अझ परिष्कृत रूपमा शैक्षिक क्रियाकलाप सञ्चालन गरेर विद्यार्थीमा तोकिएका सक्षमताहरू हासिल गराउन सक्नु हुनेछ ।

# कक्षा १ का लागि

## १. पाठ्यक्षेत्र - स्थानीय भूगोल, कला र संस्कृति

**सक्षमता १:** आफ्नो घर र विद्यालय वरिपरिको भूगोलसँग परिचित हुन ।

**क) सम्भावित कार्य घण्टा :** ८

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न भौगोलिक सतह देखिने फोटो, पोष्टर तथा वृत्तचित्र ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न लगिएका पोष्टर, चित्र, आदिलाई देखाउँदै विद्यार्थीहरूले त्यस्ता ठाऊँहरू देखेका छौ भनी प्रश्नोत्तर तथा छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घर कस्तो स्थानमा बनेको छ भन्ने बारेमा बताउन लगाउनु होस् ।
- शिक्षकले विद्यार्थीको घर भएको वास्तविक भूगोलको बारेमा जानकारी दिने । जस्तैः तराइको भाग, पहाड, पहाडको बीचमा भएको समथर भूभाग, भिरालो भाग आदि ।
- विद्यार्थीलाई समूहमा राखेर एक अर्काको घर रहेको भूगोलको बारेमा परिचित हुन छलफल गराउनु होस् र नजीकको भूगोलको बारेमा परिचित गराउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यालय भवन रहेको भौगोलिक अवस्थाको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।
- शिक्षकले नजीकको स्थानीय भूगोलको अवस्थाको नाम र परिचय बताउनु होस् ।

**क्रियाकलाप नं. ३**

- क्षेत्र भ्रमण गराएर वा विभिन्न प्रकारका भौगोलिक अवस्थाको बारेमा जानकारीमूलक वृत्तचित्र प्रस्तुत गरेर उचाई र सतहको आधारमा हुने फरक भूगोलको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** जमीनको सतह अनुसार विद्यार्थीहरूलाई उनीहरूको घर तथा विद्यालय कस्तो भुगोलमा रहेका छन् ? बताउन लगाउनु होस् ।

**सक्षमता २:** फोहोर र सफा वातावरणको परिचय दिन ।

**क) सम्भावित कार्य घण्टा :** ८

**ख) आवश्यक शैक्षिक सामग्री :** फोहोर र सफा वातावरण देखिने देखिने फोटो, पोष्टर तथा वृत्तचित्र । मानिसहरूले फोहोर गर्दै गरको र सफा गर्दै गरको चित्र/ पोष्टर ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीलाई शैक्षिक सामग्री देखाएर छलफल गराउने । चित्रमा के के देखिएको छ ? कुन कुन कुरा राम्रा हुन् र किन भन्ने जस्ता प्रश्न राख्दै छलफलमा सहभागी बनाउने ।
- विद्यार्थीहरूलाई आफ्नो घर वरिपरि कस्ता कुराहरू भए उनीहरू खुसी हुन सक्छन् भन्ने बारेमा छलफल गराउनु होस् ।
- विद्यालय वरिपरि के कस्ता सामग्रीहरू र वातावरण ( बगैंचा, फूलबारी, खानेपानीको व्यवस्था, शौचालयको व्यवस्थापन, ढल निकासको व्यवस्था, फोहोर वस्तुहरूको विसर्जन.....) भएमा रमाइलो लाग्छ भन्ने विषयमा छलफल गराउनु होस् ।

**क्रियाकलाप नं. २**

- सफा वातावरण र फोहोर वातावरणको सामान्य चिनारी दिने गरी छलफल गराउनु होस् ।
- सफा वातावरणबाट हुने फाइदा र फोहोर वातावरणबाट हुने बेफाइदाका बारेमा विद्यार्थीहरूबाट भन्न लगाउनु होस् ।

- सफा वातावरणबाट हुने फाइदा र फोहोर वातावरणबाट हुने बेफाइदाका बारेमा थप जानकारी दिन वरिपरि त्यस्ता वातावरण भएको ठाउँमा क्षेत्र भ्रमण गराउनु होस् । त्यस्ता वातावरण भएका स्थानहरू भएका वृत्तचित्र वा अन्य सामग्रीहरूको प्रदर्शन गरी विद्यार्थीहरूलाई देखाउनु होस् ।
- विद्यार्थीले फोहोर र सफा वातावरणबाट अनुभूति गरको कुरालाई व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** फोहोर र सफा वातावरणको परिचय दिन लगाउनु होस् । वातावरण सफा र फोहोर बनाउने मुख्य भूमिका कस्को हुँदो रहेछ ? बताउन लगाउनु होस् ।

**सक्षमता ३**: स्थानीय स्तरमा मनाइने विभिन्न चाडपर्वको नाम र विशेषता बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** भित्ते पात्रो, विभिन्न चाड पर्व उल्लेखित पोष्टर/चित्र/फोटो, चाडपर्व झल्कने भिडियो, वृत्तचित्र आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- आफूले लगेका शैक्षिक सामग्रीको अवलोकन गर्न गर्न लगाई विद्यार्थीले देखेको र बुझेको कुरा बताउन लगाउनु होस् । चित्रमा के देखिएको छ ? कुन बेलामा मानिसहरूले चित्रमा देखिएका जस्ता क्रियाकलापहरू गर्छन भनी विद्यार्थीहरूलाई आपसमा छलफल गरी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरमा मनाइने विशेष र सामान्य चाडपर्वको नाम उल्लेख गर्न तथा सूची तयार गर्न लगाउनु होस् ।
- कक्षाका सबै विद्यार्थीले आ-आफ्नो घरमा मनाउने गरेका चाडपर्वको बारेमा एक आपसमा छलफल गर्न लगाउनु होस् । केही जिज्ञासामूलक प्रश्नहरू निम्न अनुसार हुन सक्छन् -के सबै जनाको घरमा उस्तै चाडपर्व मनाउने गरेको छ ? के सबैलाई अरूले मनाउने चाडपर्वको बारेमा जानकारी छ ? किन फरक वा समान चाड पर्व मनाउने गरेको होला ?
- आफ्नो घरमा मनाउने चाडपर्वमा के कस्ता कार्यक्रम गरिन्छ भन्ने आधारमा चाडपर्वको नाम र विशेषता उल्लेख गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- शिक्षकले चाडपर्वको नामहरू र ती चाडपर्वमा गरिने मूख्य क्रियाकलापको बारेमा छलफल गर्दै बताइदिनु होस् ।
- समाजका ज्येष्ठ नागरिक समेतलाई आमन्त्रण गरी विभिन्न जातजाति तथा भाषाभाषीले मनाउने चाडपर्वको बारेमा व्याख्यान गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. ३**

- स्थानीय रूपमा मनाइने चाडपर्वको अवसरमा विद्यार्थीहरूलाई अवलोकन गराउन क्षेत्र भ्रमण गराउनु होस् र त्यसबाट सिकेका कुराहरू लिपिबद्ध गरी व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूलाई उनीहरूको घरमा मनाइने गरेका मुख्य दुइ दुइ ओटा चाड पर्वको नाम भन्न लगाउनु होस् र ती चाड पर्वमा घरमा के के भएको थियो त्यो अवस्थालाई वर्णन गर्न लगाउनु होस् ।

**सक्षमता ४**: स्थानीय रूपमा पाइने दैनिकी खानाका परिकार, चाड पर्व विशेष खानाका परिकारहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** खानाका परिकार बनाउन चाहिने विभिन्न सामग्रीको शब्द पत्ती, खानाका परिकार भएका विभिन्न चित्र तथा फोटोहरू, खानाका विभिन्न परिकारहरूको नमूना ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई उनीहरूको घरमा दैनिक नियमित रूपमा खाइने खानाको परिकाहरूको नाम उल्लेख गरी सूची तयार गर्न लगाउनु होस् ।
- शैक्षिक सामग्रीको रूपमा लगेका विभिन्न सामग्रीहरू विद्यार्थीहरूलाई देखाएर त्यसको परिचय दिन, अनुभव बताउन लगाउनु होस् ।
- कक्षाका सबै विद्यार्थीलाई आ-आफ्नो घरमा खाने गरेका खानेकुराको बारेमा एक आपसमा छलफल गर्न लगाउनु होस् । केही जिज्ञासामूलक प्रश्नहरू निम्न अनुसार हुन सक्छन् -के सबै जनाको घरमा उस्तै खाना खाइने गरेको छ ? के सबैलाई अरूले खाने खानाको बारेमा जानकारी छ ? किन फरक वा एकै प्रकारको खाना खाने गरेको होला ?
- आफ्नो घरमा खानाको लागि प्रयोग हुने खानेकुरा कहाँबाट उत्पादन हुन्छ ? ताजा खानेकुरा खानलाई के के कुरामा ध्यान दिनु पर्छ जस्ता विषयमा एक आपसमा छलफल गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- शिक्षकले स्थानीय रूपमा खाइने खानेकुराहरूको नाम बताइदिने र विभिन्न प्रकारका खानेकुराहरूको महत्व बताइदिने ।
- नजीकको स्वास्थ्य चौकी वा स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्तिलाई आमन्त्रण गरी विभिन्न प्रकारका खानेकुराको महत्वका बारेमा प्रष्ट पार्न लगाउनु होस् ।
- चाडपर्व विशेष तथा विभिन्न अवसरमा खाने खानेकुराको बारेमा विद्यार्थीहरूलाई भन्न लगाउनु होस् । जस्तै : साउनमा खीर, माघमा खिर्चो आदि ।

**क्रियाकलाप नं. ३**

- स्थानीय रूपमा विभिन्न अवसरमा खाने खानेकुरा विद्यालयमा बनाउन वा त्यस्तै कार्यक्रमको आयोजना गरी विद्यार्थीहरूलाई सो अवसरमा खानाको परिकार बनाएर खुवाउने व्यवस्था मिलाउने ।
- विभिन्न खानेकुराको श्रोत के के हुन् भन्ने बारेमा विद्यार्थीलाई छलफल गराउनु होस् र शिक्षकले थप गर्नु पर्ने भए सो समेत बताइदिने । जीवनको आधार खानेकुरा भएकाले खानेकुरा फाल्न अथवा दुरूपयोग गर्नु हुँदैन भन्ने कुरा अनुभूति गराउन विभिन्न माध्यमहरूको प्रयोग गर्ने ।

**घ) मूल्याङ्कन :** स्थानीय रूपमा पाइने र विभिन्न चाड पर्वमा प्रयोगमा आउने विभिन्न खानेकुराको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ५:** आफ्नो घर विद्यालय वरपर भएको मानव निर्मित संरचनामा बाटोघाटो र पुल पुलेसाको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री** : मानव निर्मित विभिन्न संरचना र बाटोघाटो भएको स्थानको फिल्म वा चित्र, फोटो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई उनीहरूले देखेका विभिन्न वस्तुहरूको नाम भन्न र लेख्न लगाउनु होस् ।
- उनीहरूले देखेका विभिन्न वस्तुहरू मध्ये कुन कुन वस्तुहरू मानिसले निर्माण गरेका हुन् र कुन कुन वस्तुहरू प्राकृतिक वातावरणमा आफै बनेका हुन् भनेर छुट्याउन लगाउनु होस् ।
- उनीहरूलाई मानव निर्मित संरचनामा कस्ता कस्ता वस्तुहरू मन पर्दछन् र तिनीहरूको महन्व के छ भनेर बताउन लगाउनु होस् । थप कुराहरू शिक्षकले बताइदिनु होस् ।
- आफूले लगेका शैक्षिक सामग्रीहरू विद्यार्थीलाई अवलोकन गर्न लगाई तिनीहरूको बारेमा बताउन लगाउनु होस् । जस्तै : उनीहरूले के के देखे ? यो कसले बनाएको हो ? आदि ।

**क्रियाकलाप नं. २**

- हाम्रो वरिपरि मानिसले निर्माण गरेका वस्तुहरू नभएका भए कस्तो हुन्थ्यो होला ? विद्यार्थीहरू बीच छलफल गर्न लगाउनु होस् । छलफलबाट निस्केको निचोडलाई कक्षामा प्रस्तुत गर्न लगाउनु होस् ।
- मानव निर्मित वस्तुहरूको महत्व के छ र तिनीहरूले कसरी हाम्रो जीवनलाई सहज बनाउन भूमिका खेलेका छन् भन्ने बारेमा विद्यार्थीहरूको विचार र तर्क सुन्नु होस् ।
- थप विषय बताउन पर्ने भए विभिन्न स्रोतको उपयोग गरी विद्यार्थीहरूलाई जानकारी दिनु होस् ।

**क्रियाकलाप नं. ३**

- स्थानीय वातावरणमा मानव निर्मित र राष्ट्रिय महत्त्वका रूपमा रहेका विभिन्न सम्पदाहरूको अवलोकन गराउन क्षेत्र भ्रमण गराउनु होस् ।
- क्षेत्र भ्रमाणबाट विद्यार्थीले प्राप्त गरेका अनुभव र ज्ञानलाई प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यालय र घर वरिपरि भएका विभिन्न प्रकारका मानव निर्मित संरचनाको सूची तयार गर्न लगाउनु होस् ।

## २. पाठ्य क्षेत्र : स्थानीय प्रशासन, शिक्षा र विकास

**सक्षमता १ :** आफू बसोबास गर्ने र विद्यालय भएको स्थानीय तह र त्यसको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको कार्यालयको फोटो, गैंडाकोट नगरपालिकाको क्षेत्र देखिने नक्शा, विद्यालय भएको वडाको वडा कार्यालयको फोटो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई विद्यालय र आफ्नो बसोबास भएको स्थान कुन स्थानमा पर्दछ त्यसको नाम भन्न लगाउनु होस् ।
- देशको विभिन्न भौगोलिक इकाइहरूको राजनीतिक रूपमा देश, प्रदेश र पालिकाहरूमा विभाजन गरिएको छ र त्यसरी विभाजन गर्नुको मुख्य उद्देश्य सरकारी सेवालाई प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउनु हो भनी बताइ दिनुहोस् ।
- विद्यालय भएको स्थान र विद्यार्थीको घर भएको स्थानको गैंडाकोट नगरपालिकाको वडा र टोलको नाम भन्न लगाउनु होस् र उनीहरूलाई घरको तथा विद्यालयको ठेगाना बताउनु होस् लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई उनीहरूको घरबाट विद्यालयसम्म आउने बाटोको नक्शाको आकृति कोर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो घर र विद्यालय भएको पालिकाको नाम भन्न लगाउनु होस् । ती पालिकाको नाम भन्न लगाउनु होस् ।

**सक्षमता २ :** गैंडाकोट नगरपालिकाका वार्डहरूको संख्या बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको १८ ओटै वडा देखिने नक्शा/फोटो वा चित्र

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी उनीहरूले अवलोकन गरेको कुरा भन्न लगाउनु होस् र शिक्षकले गैंडाकोट नगरपालिकामा भएका वडाहरूको संख्या र नामको बारेमा बताइ दिनु होस् ।
- विद्यार्थीहरूलाई विद्यालय र आफ्नो बसोबास भएको स्थान गैंडाकोट नगरपालिकाको कति नं. वडामा पर्दछ सोको बारेमा बताउन लगाउनु होस् । कुन स्थानमा पर्दछ त्यसको नाम भन्न लगाउनु होस् ।

- आफ्नो विद्यालय र घर एउटै वडामा पर्दछ कि फरक फरक वडामा पर्दछ ? वडाका विभिन्न स्थान र घर भएको ठाउँ पत्ता लगाउनु होस्  निर्धारण गरिएका टोल, चोक र अन्य पहिचान दिन सक्ने फरक भौगोलिक स्थानको नाम बताउन लगाउनु होस् ।
- अन्य स्थानबाट विद्यार्थीको घर सम्म आउन बाटो चिनाउन अरूलाई कसरी बताउन सकिन्छ भनी बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आफ्नो घर र विद्यालय भएको नगरपालिकाको वडाका कार्यालयहरू कहाँ छन् ? स्थान बताउन लगाउनु होस् ।
- गैंडाकोट नगरपालिकाका १८ ओटै वडा कार्यालय भएको ठाउँ बताइ दिनु होस् ।

घ) **मूल्याङ्कन :** गैंडाकोट नगर पालिकामा भएका वडा र तिनीहरूको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ३** : आफू रहेको वडाको नम्बर र टोलको नाम बताउन बताउन ।

क) **सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

ख) **सम्भावित शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको विद्यार्थी भएको वडा देखिने नक्शा/फोटो वा चित्र

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी उनीहरूले अवलोकन गरेको कुरा भन्न लगाउनु होस् र शिक्षकले चित्रमा देखिएको वडा विद्यार्थी बसोबास गर्ने वडाको चित्र हो भनी बताइ दिनु होस् ।
- विद्यार्थीहरूलाई विद्यालय र आफ्नो बसोबास भएको स्थान गैंडाकोट नगरपालिकाको कति नं. वडामा पर्दछ सोको बारेमा बताउन लगाउनु होस् । विद्यार्थीको घर भएको स्थान कुन टोल वा कुन चोक नजीक पर्छ बताउन लगाउनु होस् ।
- टोलमा भएका मुख्य कुराहरू के के छन् बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आफ्नो घर र विद्यालय भएको नजीकैको टोलको भ्रमण गराई तिनीहरूको नाम टिपोट गर्न लगाउनु होस् ।

घ) **मूल्याङ्कन :** विद्यार्थीको घर र विद्यालय भएको वडामा भएका कुनै ४ ओटा टोलको नाम लेख्न लगाउनु होस् ।

**सक्षमता ३** : आफ्नो वडामा रहेका शैक्षिक संस्थाहरूसँग परिचित भई तिनीहरूको विशेषता बताउन

क) **सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

ख) **सम्भावित शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको आफ्नो वडामा रहेका विभिन्न शैक्षिक संस्थाहरूको फोटे वा चित्र, भिडियो ।

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । ती संस्थाले गर्ने मुख्य काम के हो भनी छलफल गर्न लगाउनु होस् ।
- आफू बसोबास गरेको वडा तथा विद्यालय भएको वडामा विद्यार्थीहरूले देखेका विभिन्न प्रकारका सेवा प्रदायक संस्थाहरूको नाम भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूसँग शिक्षा प्रदान गर्ने संस्थाहरको बारेमा छलफल तथा अन्तरक्रिया गर्ने । जस्तैः उनीहरूले देखेका विभिन्न प्रकारका संस्था वा व्यक्तिगत प्रयासमा खोलेका संस्थाहरू मध्ये शिक्षा प्रदान गर्ने संस्थाहरू कुन कुन हुन् ? ती संस्थाहरूमा सेवा लिन आउने र सेवा दिने को को हुन ?

**क्रियाकलाप नं. २**

- विद्यार्थीको बसोबास भएको गैंडाकोट नगरपालिकाको वडामा भएका शिक्षा प्रदायक संस्थाहरू कहाँ कहाँ छन् र कुन कुन हुन् भन्ने बारेमा विद्यार्थीहरू बीच छलफल गर्न लगाउनु होस् ।
- नजीकका शैक्षिक संस्थामा लगेर त्यहाँको वातावरणको अवलोकन गर्न लगाई विद्यार्थीको अनुभूति व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरू बस्ने वडामा रहेका शैक्षिक संस्थाहरूको नाम भन्न र तिनीहरूको काम बताउन लगाउनु होस् ।

**सक्षमता ४** : शिक्षाको व्यक्तिगत महत्व बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** विभिन्न खालका नयाँ आविष्कार भएका सामग्रीको चित्र, विद्वानहरूको फोटो

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीलाई अवलोकन गर्न लगाई उनीहरूले अनुभव गरेको कुरा व्यक्त गर्न लगाउनु होस् । शिक्षाको योगदानबाट मानिसले उन्नत जीवन जीउन सकेको हो भनी बताइ दिनु होस् ।
- विद्यार्थीहरू विद्यालय किन आउनु भएको को भनी सामूहिक र व्यक्तिगत रूपमा उत्तर आउने गरी छलफल चलाउने ।

**क्रियाकलाप नं. २**

- शिक्षाले मानिसलाई राम्रो बनाउन कसरी सहयोग गर्दछ भन्ने कुरा समाजमा भएका अनुकरणीय व्यक्तिहरूको उदाहरूणबाट प्रस्तुत गर्न लगाउनु होस् ।
- शिक्षाबाट हुन सक्ने व्यक्तिगत फाइदाका कुराहरू उनीहरूको बुझाइको आधारमा बताउन लगाउनु होस् ।
- शिक्षाको अभावमा पर्न सक्ने नराम्रा प्रभावहरूको बारेमा विद्यार्थीहरूलाई उदाहरण सहित बताउनु होस् ।
- शिक्षा मानवको अधिकार हो भन्ने कुराको सचेतना गराउन विभिन्न उदाहरण दिई स्पष्ट पार्ने ।

**घ) मूल्याङ्कन :** शिक्षाले व्यक्तिलाई कसरी फाइदा पुऱ्याएको छ उदाहरण सहित व्यक्त गर्न लगाउनु होस् ।

## ३. पाठ्य क्षेत्र : विज्ञान प्रविधिको साक्षरता र सुरक्षा

**सक्षमता १** : सूचना र सञ्चारको कुनै ४ साधनहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** सूचना र सञ्चारका लागि प्रयोग गरिने विभिन्न सामग्रीहरू, त्यस्ता सामग्रीहरूको नमूना, चित्र, पोष्टर आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । ती सामग्री किन र कसरी प्रयोग हुन सक्छन् भन्ने विषयमा छलफल र अन्तरक्रिया गराउनु होस् ।
- विद्यार्थीहरूलाई आफूलाई भन्न मन लागेको कुरा अरूलाई कसरी जानकारी दिन्छौ भनी उनीहरूको अनुभव बताउन लगाउनु होस् ।
- अरूले भनेको वा बताएको कुरा तिमीले कसरी बुझ्दछौ भनी विद्यार्थीहरूको अनुभव सुनाउन लगाउनु होस् ।
- आफूले जानेको वा थाहा पाएको कुनै कुराको बारे अरूलाई जानकारी दिन के कस्ता साधनहरू प्रयोग गरेको अनुभव छ अथवा अरूले कुन कुन साधन प्रयोग गरेका छन् ? ती साधनको सूची तयार गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई मन पर्ने सञ्चारका साधनको बारेमा बताउन लगाउनु होस् । जस्तै : ती साधनको नाम र मन पर्नुको कारण उल्लेख गर्न लगाउनु होस् ।
- आधुनिक सूचना तथा सञ्चारका कुनै ४ ओटा साधनको नाम भन्न लगाउनु होस् र तिनीहरूको काम समेत भन्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** सूचना तथा सञ्चारका कुनै ४ साधनहरूको नाम बताउन लगाउनु होस् र तिनीहरूको फाइदा भन्न लगाउनु होस् ।

**सक्षमता २** : आफ्नो घर तथा समाजमा प्रयोग हुने विद्युतीय सामग्रीहरूको उपयोगिता बताउन

**क) सम्भावित कार्य घण्टा** : ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न प्रकारका विद्युतीय सामग्रीहरू, त्यस्ता सामग्रीको चित्र, फोटो, पोष्टर आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीलाई शैक्षिक सामग्रीको रूपमा तयार पारिएका सामग्रीहरू अवलोकन गर्न र प्रयोग गर्न दिनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरमा प्रयोग हुने विभिन्न विद्युतीय सामग्रीहरूको सूची तयार गर्न लगाउनु होस् ।
- विद्युतीय सामाग्रीहरू कुन कुन कामको लागि प्रयोग गरिन्छ ? सो को बारेमा सूची बनाउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई विभिन्न विद्युतीय सामग्रीको चित्र वा नमूना देखाएर त्यसको नाम र उपयोगिता बताउन लगाउनु होस् ।
- विद्युतीय सामग्री नभएका भए के हुन्थ्यो होला ? सो सम्बन्धमा विद्यार्थीलाई तार्किक आधार प्रस्तुत गर्न लगाउनु होस् । जस्तै : : विजुली बत्ती नभएको भए के हुन्थ्यो होला? विजुलीको पंखा नभएको भए के हुन्थ्यो होला ? जस्ता प्रश्नहरू गरी विद्यार्थीहरू बीच छलफल गर्न लगाउनु होस् ।
- विद्यातीय सामग्रीहरूको महत्व र यसको प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरू समेत विद्यार्थीहरूलाई बताइदिने ।

**घ) मूल्याङ्कन :** दैनिक जीवनमा प्रयोग भई रहेका विभिन्न विद्युतीय सामग्रीहरूको आवश्यकताको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।

**सक्षमता ३** : दैनिक रूपमा आफूले प्रयोग गर्ने सामानहरूको विभिन्न प्रकारको आकारको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** घरमा अथवा विद्यालयमा प्रयोग गरिने विभिन्न सामग्रीहरू, त्यस्ता सामग्रीहरूको नमूना, चित्र, पोष्टर आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । ती सामग्रीहरूको आकार कस्तो छ ? आकारको नाम बताउन  छलफल र अन्तरक्रिया गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूले दिन भरी के कस्ता सामग्रीहरू प्रयोग गर्दछन् ? सोको सूची तयार गर्न लगाउनु होस् ।
- सामग्रीको आकारको आधारमा केही नियमित आकारको नाम बताइदिने । जस्तै : वृत्ताकार, वेलनाकार, आयताकार आदि ।

- विद्यार्थीले प्रयोगमा ल्याउने गरेका सामग्रीको आकार कस्तो थियो भनी सामग्रीको नाम र आकारको नाम बताउन लगाउनु होस् ।
- कक्षा कोठामा भएका  र दैनिक प्रयोगमा आउने केही नमूना वस्तुहरू प्रदर्शन गर्दै ती वस्तुको आकारको नामाकरणको बारेमा छलफल गर्ने । त्यस्ता आकारको नामको पहिचान गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूले प्रयोग गर्ने विभिन्न प्रकारको सामग्रीको आधारमा त्यसका आकारको स्केच तयार गर्ने लगाउनु होस् ।
- विद्यार्थीहरूले बनाएको चित्रको आकारको आधारमा त्यसको नामाकरण गरिदिने । जस्तै : : पानी पिउन प्रयोग गर्ने गिलासको चित्र बनाएमा बेलनाकार, लाम्चो ...... आदि ।

घ) **मूल्याङ्कन :** विभिन्न प्रकारका आकारको नाम र मिल्दो सामग्रीको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ४** : दैनिक जीवनमा प्रयोग हुने कुनै पाँच क्रियाकलापको विज्ञान सम्मत कारण उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न काम गरेको चित्र, पोष्टर वा वृत्तचित्र, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । त्यस्ता कामहरू गर्नुको विज्ञान सम्मत कारण के हुन सक्छन् ? विद्यार्थीलाई प्रश्नोत्तरको माध्यमबाट छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूले दिन भरी के कस्ता क्रियाकलापहरू गर्दछन् ? सोको सूची तयार गर्न लगाउनु होस् ।
- घरका अरू सदस्यहरूले गर्ने क्रियाकलापलाई सहज बनाउन गरिएका केही उदाहरणहरू विद्यार्थीसँगको छलफलबाट तय गर्न लगाउनु होस् ।
- गर्मी याममा पातला लुगा लगाउनु होस् को कारण के होला ? भन्ने प्रश्नको उत्तर विद्यार्थीहरूबाट भन्न लगाउनु होस् । विद्यार्थीहरूले दिएका उत्तरलाई विज्ञानसँग जोड्ने तार्किक उत्तरहरू शिक्षकले दिने । शरीरबाट उत्पन्न भइरको तातोपनलाई सहजै बाहिर जान सजिलो हुने भएकोले गर्मी समयमा पातलो लुगा लगाइने गरेको हो भनी विद्यार्थीहरूलाई बताउनु होस् ।

**क्रियाकलाप नं. २**

- घरको भान्छामा तरकारी काट्न प्रयोग गर्ने चक्कु वा अन्य हतियारको धार मसिनो बनाइने कारण के होला भनी छलफल गराउनु होस् । विद्यार्थीले दिएको उत्तरमा विज्ञान सम्मत कारण नभएमा धारिलो हतियार भनेका साधरण यन्त्र हुन, यिनीहरूले कामलाई सरल र किफायती बनाउन सहयोग गर्दछन् भनी बताइदिनु होस् । जति धेरै धारिलो हुन्छ त्यति नै त्यो औजारले कामलाई सरल बनाउन सहयोग गर्दछ भनी बताइदिनु होस् ।

**क्रियाकलाप नं. ३**

- विद्यार्थीको घरमा भइरहेका अन्य क्रियाकलापका विज्ञान सम्मत कारण खोज्न र त्यसलाई उदाहारहण सहित सहजीकरण गर्नुहोस् ।
- घरयासी रूपमा प्रयोग हुने केही क्रियाकलापलाई कक्षा कोठामा प्रयोग गरी प्रष्ट पार्नुहोस् ।

घ) **मूल्याङ्कन :** दैनिक क्रियाकलापहरू गर्दा जोडिएका विज्ञान सम्मत कारणहरू उल्लेख गर्न लगाउनु होस् ।

**सक्षमता ५** : दैनिक उपयोगमा आउने विद्युत र विद्युतीय सामग्रीबाट हुने खतरबाट बच्ने तरिका बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न विद्युतीय सामग्रीहरूको प्रयोग गर्दा हुन सक्ने खतराजन्य घटना दर्शाउने चित्र, पोष्टर वा भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । विद्युतीय सामग्री चलाउँदा हुन सक्ने खतराजन्य दुर्घटनाहरूको बारेमा छलफल गराउनु होस् ।
- कक्षा कोठामा शिक्षकले विभिन्न प्रकारका विद्युत तथा विद्युतीय सामग्री प्रयोग भइरहेको दृश्य झल्कने विभिन्न पोष्टर तथा चित्रहरू प्रदर्शन गर्नु होस् ।
- विद्यार्थीहरूलाई प्रर्दशन गरिएका भन्दा बढी वा उस्तै खालका विद्युत तथा विद्युतीय सामग्रीहरू उनीहरूको घरमा प्रयोग भइरहेको छन् सो को पहिचान गर्न लगाउनु होस् । ती सामग्रीको उपयोगिताका सम्बन्धमा बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्युतसँग सीधै सम्पर्कमा आउँदा वा छोइँदा त्यसले पार्न सक्ने दुर्घटनाको बारेमा विद्यार्थीलाई जानकारी दिने । यस सम्बन्धमा घटेका केही घटनाहरू अथवा त्यस्तै नमूना घटनाहरू विद्यार्थीहरूलाई सुनाउनु होस् ।
- विद्युतीय सामग्रीको प्रयोग सुरक्षित तरिकाबाट नहुँदा त्यसबाट हुन सक्ने सम्भावित दुर्घटनाको बारेमा विद्यार्थीहरूलाई बताई दिनु होस् ।
- विद्युत र विद्युतीय सामग्रीको सही प्रयोग गर्ने उपायहरू र त्यसबाट सुरक्षित रहन अपनाउन पर्ने सम्भावित सबै खालका तरिका बारेमा विद्यार्थीसँग छलफल र अन्तरक्रिया गर्दै स्पष्ट पारिदिनु होस् ।

**घ) मूल्याङ्कन :** विद्युतीय सामग्री चलाउँदा हुन सक्ने खतरा र त्यसबाट बच्न सक्ने उपायहरू ब्ताउन लगाउनु होस् ।

## ४. पाठ्यक्षेत्र : स्थानीय उत्पादन, उद्योग र व्यवसाय

**सक्षमता १** :: आफ्नो परिवारका सदस्यले अपनाएका पेशाको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न पेशा दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । उनीहरूले गरेको अवलोकनबाट के के कुराको जानकारी भयो भन्न लगाउनु होस् । किन मानिसहरू फरक काम गर्दछन् भन्ने विषयमा छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यहरूले गर्ने मुख्य काम के के हुन् भनी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई घरको आम्दानीको मुख्य श्रोत के हो र त्यसमा काम गर्ने अभिभावक को हुनु हुन्छ भन्ने कुरा बताउन लगाउनु होस् ।
- यी छलफल र प्रश्नोत्तरका आधारमा विभिन्न पेशाहरूको नाम शिक्षकले बताई दिनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई विद्यालय नजीक रहेको कुनै घरमा अवलोकन गराएर त्यहाँको उत्पादन तथा आम्दानी गर्ने श्रोतको बारेमा परिचित हुन क्रियाकलाप गराउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूको घरका सदस्यले अपनाएको पेशाको नाम बताउन लगाउनु होस् । कक्षाकोठामा प्राप्त हुन आएका उत्तरलाई सूचीबद्ध गर्न लगाउनु होस् ।

**सक्षमता २** : परिवारले अपनाएको मुख्य पेशा सम्बन्धी काम छोटकरीमा उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न पेशा दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । उनीहरूले गरेको अवलोकनबाट के के कुराको जानकारी भयो भन्न लगाउनु होस् । उनीहरूले अवलोकन गरेको दृश्यमा घरका अभिभावकले गर्ने काम पनि देखे वा देखेनन् छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यहरूले अपनाएको मुख्य पेशा बताउन लगाउनु होस् ।
- परिवारले अपनाएको मुख्य पेशामा के के काम गर्नु पर्दछ ? काम गरिसकेपछि त्यसबाट के प्राप्त हुन्छ ? पेशाबाट आएको आम्दानीले घरको अनिवार्य खर्च गर्न पुग्छ कि पुग्दैन भन्ने धारण दिन छलफल र अन्तरक्रिया गराउनु होस् ।

**क्रियाकलाप नं. २**

- छलफल र प्रश्नोत्तरका आधारमा विद्यार्थीहरूलाई मन पर्ने पेशाको बारेमा बताउन लगाउनु होस् ।
- विद्यार्थीले मन पराएका  पेशाका राम्रा पक्षहरू के छन् ? उनीहरूबाट व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीका घरका सदस्यले अपनाएका पेशामा के के काम गर्नु पर्दछ र त्यसबाट के नतीजा प्राप्त हुन्छ ? बताउन लगाउनु होस् ।

**सक्षमता ३**: आफ्नो वरिपरि भएका यातायातका साधानहरूको नाम उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न यातायातका साधन दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएका यातायातका साधनहरूको चित्र, पोष्टर प्रदर्शन गर्नु होस् । ती सामग्री के कामका लागि प्रयोग हुन्छन् ? छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई यातायातको साधनको बारेमा जानकारी दिन विभिन्न उदाहरणहरू दिनु होस् ।
- मानिस कुनै एक ठाउँबाट अर्को ठाउँमा जान तथा मालसामनहरू एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न प्रयोग हुने साधनहरू नै यातायात हुन भनी स्पष्ट पार्नु होस् ।
- विद्यार्थीहरूले देखेका र जानेका यातायातका साधनहरूको नाम बताउन लगाउनु होस् ।
- यातायातको साधनहरूको उपयोग गर्दा सुरक्षामा ध्यान दिनु पर्ने विषयहरूको बारेमा जानाकारी गराउनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो वरिपरि देखिने विभिन्न प्रकारका यातायातका साधनको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ४**: पाहुना र आगन्तुक पर्यटकहरूलाई स्वागत सत्कार र आकर्षण गर्न सकिने तरिका उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** प्राकृतिक रूपमा रमणीय स्थल भएको चित्र, मानिसले अरूलाई स्वागत तथा सत्कार गरेको फोटो चित्र, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएको चित्र, पोष्टर तथा भिडियो प्रदर्शन गर्नु होस् । विद्यार्थले के के देख्न सके अथवा अवलोकनबाट उनीहरूलाई के कुराको जानकारी भयो भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आआफ्ना घरमा सधैं घरका सदस्यहरू मात्र रहनु हुन्छ अथवा कहिलेकाहीं घर भन्दा बाहिरका आफन्तहरू आउने गर्नु भएको छ भनी प्रश्न सोध्नु होस् ।
- घरमा अन्य आफन्त अथवा चिनेजानेको व्यक्तिहरू आउनुका कारण के होला भनी विद्यार्थीहरूलाई भन्न लगाउनु होस् ।

- घरमा अन्य आफन्त अथवा चिने जानेको व्यक्तिहरू आउँदा विद्यार्थीहरूलाई कस्तो अनुभूति हुन्छ ? जस्तै : खुसी, रमाइलो, रिस उठ्ने, लाज लाग्ने आदि के हुन्छ ? बताउन लगाउनु होस् ।
- चिनेका र आफन्त अथवा नातेदारहरू पाहुना हुन् भने नचिनेका तर नयाँ ठाउँमा घुमघाम र बास बस्न आएका नयाँ मान्छेहरू पर्यटक हुन् भनी बताउनु होस् ।

**क्रियाकलाप नं. २**

- घरमा अन्य आफन्त अथवा चिने जानेको व्यक्तिहरू आउँदा उहाँहरूलाई खुशी र रमाइले वातावरणको सिर्जना गर्न के के गर्न सकिन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् । जस्तै : आगन्तुकलाई मिठो खानेकुरा दिएर, उनीहरूसँग रमाइलो र हँसिलो सँग बोलेर ...... आदि बताउन लगाउनु होस् ।
- आफू अरूको घरमा जाँदा के कस्ता कारणले रमाइलो र फेरी जाऊँ जाऊँ लाग्ने हुन्छ बताउन लगाउनु होस् ।
- सुन्दर र सफा प्राकृतिक वातावरणले पनि मानिसहरूलाई कुनै स्थानमा जान प्रेरित गर्छ भन्ने कुरा बताइदिनु होस् ।
- यीनै छलफलका आधारमा पाहुना र आगन्तुकहरूलाई स्वागत सत्कार र आकर्षण गर्न सकिने तरिकाहरू बताउनु होस् ।

घ) **मूल्याङ्कन :** पाहुन तथा अतिथिहरूलाई आकर्षण गर्न के कस्ता तरिका अपनाउन सकिन्छ छलफल गरी प्रस्तुत गर्न लगाउनु होस् ।

## ५. पाठ्यक्षेत्र - सहकारी र बैङ्क

**सक्षमता १**: परिवारले अनिवार्य रूपमा गर्नु पर्ने खर्चका स्रोतहरू ।

क) **सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

ख) **आवश्यक शैक्षिक सामग्री :** विभिन्न शीर्षकमा मालसमान किन्दै गरेको विभिन्न चित्र, पोष्टर र भिडियो ।

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएको चित्र, पोष्टर तथा भिडियो प्रदर्शन गर्नु होस् । विद्यार्थीले के के देख्न सके अथवा अवलोकनबाट उनीहरूलाई के कुराको जानकारी भयो भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूको घरमा प्रत्येक दिन बाहिरबाट के के बस्तुहरू किनेर ल्याइन्छ ? सो को सूची बनाउन लगाउनु होस् ।
- कहिलेकाहीँ किनेर ल्याइने वस्तुहरू के के हुन् ? त्यसको सूची तयार पार्न लगाउनु होस् ।
- सरसामान किनेर ल्याउन बाहेक अरू कुन कुन कामको लागि घरबाट खर्च गर्नु परेको छ ? त्यसको बारेमा छलफल गर्न लगाउनु होस् । जस्तै : विरामी भएर उपचार गर्दा, विद्यालयमा विभिन्न नाममा शुल्क तिर्दा, अन्य ठाउँमा घुम्न जाँदा आदि ।

**क्रियाकलाप नं. २**

- क्रियाकलाप नं. १ मा उल्लेख भएका खर्च गर्नु पर्ने क्षेत्रहरू मध्ये कुन कुन कुरामा खर्च अनिवार्य रूपमा गर्नु पर्छ र कुन कुन कुरामा खर्च नगरे पनि हुन्छ त्यसको वर्गीकरण गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई दैनिकी सञ्चालन गर्दा खर्च गर्ने क्षेत्रहरू प्राथमिकीकरण गर्नु पर्छ भन्ने अवधारणा दिनुहोस् र यसको आवश्यकताको बारेमा छलफल गराउनु होस् ।

घ) **मूल्याङ्कन :** घरमा दैनिकी चलाउन नभइ नहुने सामग्रीहरू के के हुन् र तिनीहरूलाई घरभित्र ल्याउने तरिका के के हुन सक्छन् ? विद्यार्थीलाई बताउन लगाउनु होस् ।

**सक्षमता २**: आम्दानी गर्ने तरिकाहरूको सूची तयार गर्ने ।

क) **सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानी गर्न गरेको विभिन्न क्रियाकलाप झल्काउने चित्र,पोष्टर र भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका कुराको प्रदर्शन गराउनु होस् र विद्यार्थीहरूले गरेको अवलोकनबाट प्राप्त बुझाइलाई भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरमा के के कुरबाट आम्दानी हुन्छ ? सो को विवरण बताउन लगाउनु होस् । विद्यार्थीहरूको घरमा उत्पादन भएका वस्तुहरू विक्री गरी आम्दानी हुन्छ वा घरका सदस्यहरू अन्यत्र गएर कुनै पेशा/व्यवसायमा लागेर तलब तथा नाफा गरेर आम्दानी गर्नु हुन्छ ? त्यसको व्याख्या गर्न लगाउनु होस् ।
- घरमा बाहिरबाट किनेर ल्याउने वस्तुहरूको सूची तयार पार्न लगाउनु होस् । त्यस्ता कुराहरू घरमा उत्पादन गर्न सकिन्छ वा सकिँदैन छलफल गर्न लगाउनु होस् ।
- घरमै उत्पादन गर्न सक्ने वस्तुहरू विक्री गरेर पनि आम्दानी गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीहरूलाई स्पष्ट पार्नु होस् ।

**क्रियाकलाप नं. २**

- आफूले जानेको सीपबाट अरू व्यक्ति वा संस्थालाई सेवा दिएर पनि आम्दानी गर्न सकिन्छ भन्ने बारेमा विभिन्न उदाहरणहरू दिनुहोस् ।
- विद्यार्थीहरूलाई सीप सिक्न पर्ने कुराको महत्व स्पष्ट पार्न समाज वरिपरि भएका मानिसका विभिन्न क्रियाकलापहरूको उदाहरण दिई स्पष्ट पार्नु होस् ।
- आम्दानी गर्ने तरिकाहरूको सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् र थप वस्तु उत्पादन, व्यापार, सेवा विक्री, श्रम विक्री गरेर आम्दानी गर्न सकिन्छ भन्ने कुरा स्पष्ट पार्न छफलल तथा प्रश्नोत्तर गरी स्पष्ट पार्नु होस् ।

**घ) मूल्याङ्कन :** के कस्ता कामहरू तथा सेवा गरेर र कस्ता बस्तु बेचेर आम्दानी गर्न सकिन्छ ? त्यसको सूची बनाउन विद्यार्थीलाई लगाउनु होस् ।

**सक्षमता ३** : आम्दानीबाट खर्च र वचत गर्ने तरिका उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानीबाट भएको रकमबाट खर्च गरी बाँकी रहेको रकम बचत गर्न बैंक तथा अन्य संस्थामा जान लागेको क्रियाकलाप झल्काउने चित्र,पोष्टर र भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- चित्र, पोष्टर तथा भिडियो देखाएर मानिसहरूले गरेको क्रियाकलाप उल्लेख गर्न लगाउनु होस् ।
- हामीलाई दिन दिनै चाहिने आधारभूत सामग्रीहरू कुन कुन हुन् र तिनीहरूको उपलब्धता कहाँबाट हुन्छ भन्ने कुरा विद्यार्थीहरूको बीचमा छलफल गर्न लगाइ सूची तयार गर्न लगाउनु होस् ।
- घरमा बाहिरबाट किनेर ल्याउने वस्तुहरूको सूची तयार पार्न लगाउनु होस् । त्यस्ता कुराहरू घरमा उत्पादन गर्न सकिन्छ वा सकिँदैन छलफल गर्न लगाउनु होस् ।
- घरमै उत्पादन गर्न सक्ने वस्तुहरू विक्री गरेर पनि आम्दानी गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीहरूलाई स्पष्ट पार्नु होस् ।

**क्रियाकलाप नं. २**

- अनिवार्य रूपमा खर्च गर्नु पर्ने रकम भन्दा बढी रकम आम्दानी हुने अवस्था बाहेक सके सम्म बढी खर्च गर्नु हुँदैन भन्ने कुरा बुझाउन विद्यार्थीहरू बीच र शिक्षक विद्यार्थी बीच अन्तरक्रिया सञ्चालन गर्नुहोस् ।
- आम्दानी बढाउने उद्देश्यले कुनै निश्चित कार्यक्रमका लागि लगानी गर्न र त्यसबाट बढी प्रतिफल प्राप्त गर्न आम्दानी भन्दा खर्च बढी हुन सक्ने अवस्था पनि आउन सक्छ भन्ने कुरा स्पष्ट पारिदिनु होस् ।

**घ) मूल्याङ्कन :** दैनिकी चलाउन खर्च भन्दा आम्दानी बढी बनाउन र बढी आम्दानी गर्न थप खर्च गरी लगानी गर्न पर्ने कुरा बताउन सक्ने गरी विभिन्न प्रस्तुति गर्न लगाउनु होस् ।

**सक्षमता ४:** आफ्नो घरमा हुने आम्दानी र खर्चका क्रियाकलापको शीर्षकहरू उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** कुनै बजारको चित्र, पोष्टर तथा भिडियो जहाँ मालसामन खरिद बिक्री भइरहेको दृष्य देखिन्छ ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- आफूले तयार गरी लगेको शैक्षिक सामग्री कक्षामा प्रदर्शन गर्नु होस् । विद्यार्थीहरूलाई त्यो सामग्रीमा देखेका कुरा भन्न लगाउनु होस् । विभिन्न मानिसहरूले आम्दानी गर्ने र खर्च गर्ने क्रियाकलाप एकै स्थानमा भएको कुरा भन्न लगाउनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा आम्दानी हुने अथवा कमाई हुने मुख्य श्रोतहरू के के हुन् भनी सूची तयार गर्न लगाउनु होस् ।
- कुन कुन श्रोतबाट धेरै र सजिलोसँग कमाई हुन्छ, कस्ता श्रोतबाट बढी श्रम गरेर पनि कम कमाई हुन्छ सूची तयार गर्न लगाउनु होस् ।
- कुन कुन शीर्षकमा खर्च हुन्छ त्यसको सूची तयार गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आम्दानी हुने कुरा र खर्च गर्ने कुन कुन कुरामा बढी मन पर्छ भन्ने तर्क टिपोट गर्न लगाउनु होस् । टिपोट गरेका कुरामा छलफल गर्न र प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीको घरमा कसरी कमाइ हुन्छ र कुन कुन विषयमा खर्च हुन्छ ? बताउन लगाउनु होस् ।

**सक्षमता ५:** आम्दानीका आधारमा खर्चका दैनिकी सञ्चालन गर्न सकिने तरिकाहरू उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानी र खर्च लेख्ने खर्चको खाता ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- दैनिक रूपमा खर्च हुने र आम्दानीको श्रोत लेख्ने खाता वा रजिष्ट्रर देखाएर त्यसमा राखिएका अभिलेखको आधारमा आम्दानी र खर्चको सन्तुलन मिलाउन सकिने तरिका बताइदिनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा आम्दानी हुने अथवा कमाई हुने मुख्य श्रोतहरूको आधारमा दैनिक वा मासिक रूपमा कति हुन्छ भनी सूची तयार गर्न लगाउनु होस् ।
- कुन कुन शीर्षकमा खर्च हुन्छ ? त्यसको सूची तयार गर्न लगाउनु होस् ।
- खर्च र आम्दानीको सन्तुलन गर्दै किफयती रूपमा खर्च गरी बचत गर्ने बानी बसाल्नु पर्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताइदिनु होस् ।
- बचत गर्नाले हुने राम्रा कुराहरूको सूची तयार गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** आम्दानी र खर्चको सन्तुलन मिलाउन के के गर्नु पर्ला भनी छलफल र प्रश्नोत्तर गराउनु होस् ।

**सक्षमता ६:** आम्दानी र खर्चलाई अभिलेख राख्ने तरिका र यसको महत्व बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ३ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानी र खर्च लेख्ने खर्चको खाता तथा रजिष्ट्रर ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- दैनिक रूपमा खर्च हुने र आम्दानीको श्रोत लेख्ने खाता वा रजिष्ट्रर देखाएर त्यसमा राखिएका अभिलेखको आधारमा आम्दानी र खर्चको अभिलेख राख्न सकिने कुरा बताइदिनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा आम्दानी हुने अथवा अरूबाट लिनु पर्ने शीर्षक र रकम उल्लेख गरी अभिलेख राख्ने तरिका बताइ दिनुहोस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा खर्च हुने अथवा अरूलाई दिनु पर्ने हुने शीर्षक र रकम उल्लेख गरी अभिलेख राख्ने तरिका बताइ दिनुहोस् ।
- यी दुवैको तुलनाबाट घरको खर्च गर्न, अरूसँग लिन र दिनु पर्ने रकमको सही हिसाबको अभिलेख रहने कुरा स्पष्ट पारिदिनु होस् ।
- आम्दानी र खर्चको अभिलेखले कस्ता कुरामा खर्च गरियो र केबाट आम्दानी गरियो भनी अध्ययन गर्न सहज हुने र भविष्यमा त्यसको लेखाजोखा गरी योजना बनाउन सहज हुन्छ भनी बताइदिनु होस् ।

**घ) मूल्याङ्कन :** आम्दानी र खर्चको अभिलेख राख्नु पर्नाको कारण बताउन लगाउनु होस् ।

**सक्षमता ७** : बचतलाई सुरक्षित राख्ने र लगानी गर्न थप सहयोग गर्ने संस्थाहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न बैङ्क तथा बचत संस्थाहरूको चित्र फोटो वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई रकम बचत गर्ने र ऋण दिन सहयोग गर्ने विभिन्न संस्थाहरूको चित्र, फोटो वा भिडियो देखाएर यी संस्थाले गर्ने मुख्य कार्य के हुन् भनेर छलफल तथा प्रश्नोत्तर गराउनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा भएको बचतलाई सुरक्षित रूपमा कहाँ राख्ने गर्नु भएको छ ? सो को विवरण बताउन लगाउनु होस् ।
- आफ्नो घर र विद्यालय नजीकमा रहेका वचतलाई सुरक्षित राख्ने र लगानी गर्न थप सहयोग गर्ने संस्थाहरूको नाम सङ्कलन गर्न लगाउनु होस् ।
- घर वरिपरि रकम जम्मा गर्ने संस्थाहरूमा कुन कुन छन् ? तिनीहरूको नाम र काम बताउन लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीको घर वरिपरि तथा वडा भित्र भएका रकम सङ्कलन गर्ने तथा लगानी गर्न ऋण दिने विभिन्न संस्थाहरूको नाम सोध्नु होस् । ती संस्थाले कस्तो काम गर्दछन् सो बताउन लगाउनु होस् ।

## ६. पाठ्य क्षेत्र : खेलकुद र नैतिक चरित्र

**सक्षमता १**: कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल खेलिरहेको चित्र, पोष्टर वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका सामग्री प्रदर्शन गर्नु होस् । उनीहरूले अवलोकन गरेर बुझेका कुराहरू बताउन लगाउनु होस् ।
- विद्यार्थीलाई उनीहरूले खेल्ने गरेका स्थानीय खेलहरूको नामको सूची तयार गर्न लगाउनु होस् ।
- ती खेलहरू मध्ये कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम छुट्याउन लगाउनु होस् ।

**घ) मूल्याङ्कन :**कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम भन्न लगाउनु होस् ।

**सक्षमता २**: आफूलाई मन पर्ने खेलको खेल्ने तरिका बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ३ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल खेलिरहेको चित्र, पोष्टर वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका सामग्री प्रदर्शन गर्नु होस् । उनीहरूले अवलोकन गरेर बुझेका कुराहरू बताउन लगाउनु होस् । चित्रमा देखिएका खेल उनीहरूलाई मन पर्दछ कि पर्दैन भनी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई मन पर्ने खेलहरूको नाम बताउन लगाउनु होस् ।
- ती खेलहरू खेल्ने तरिका बताउन लगाउनु होस् ।
- विद्यार्थीले मन पराउने खेलहरू खेलाउन र प्रतिस्पर्धी भावना सिर्जना गर्ने वातवारण निर्माण गर्नु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूलाई मन पर्ने खेलको नाम भन्न लगाई खेल्ने तरिका बताउन लगाउनु होस् ।

**सक्षमता ३** : स्थानीय रूपमा खेलिने लोकप्रिय खेलहरूका नाम सूचीबद्ध गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल खेलिरहेको चित्र, पोष्टर वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका सामग्री प्रदर्शन गर्नु होस् । उनीहरूले अवलोकन गरेर बुझेका कुराहरू बताउन लगाउनु होस् । चित्रमा देखिएका कुन कुन खेल स्थानीय रूपमा खेलिन्छन्? बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर वरिपरि तथा विद्यालय भित्र खेलिने लोकप्रिय र स्थानीय खेलहरूको नाम बताउन लगाउनु होस् ।
- खेलिने खेलहरूको नाम र खेल्ने तरिका बताउन लगाउनु होस् ।
- ती खेलहरू खेल्ने अवसर प्रदान गर्नु होस् ।

**घ) मूल्याङ्कन :** स्थानीय रूपम खेलिने खेलहरूको सूची तयार पार्न लगाउनु होस् ।

**सक्षमता ४**: आफूले खेल्ने खेलको खेलसामग्रीको नाम भन्न र निर्माण गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल सामग्रीको चित्र, पोष्टर, खेल बनाउँदै गरेको भिडियो, फिल्म आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार भएको सामग्री विद्यार्थीहरूलाई प्रदर्शन गर्नु होस् ।
- विद्यार्थीलाई उनीहरूले खेल्ने खेलका लागि चाहिने सामग्रीको नाम सूचीबद्ध गर्न लगाउनु होस् ।
- ती मध्ये खेलमा प्रयोग हुने सामग्रीको नाम लेख्न लगाउनु होस् ।
- खेल सामग्री निर्माण गर्न सक्ने भए सम्म स्थानीय सामग्रीबाट खेल सामग्री निर्माण गर्न लगाउनु होस् ।
- खेल सामग्रीको सुरक्षा गर्न सकिते तरिकाहरू बताइदिनु होस् ।

**घ) मूल्याङ्कन :** स्थानीय रूपमा खेलिने खेलका सामग्रीको निर्माण गर्न लगाउनु होस् । ती सामग्रीको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ५**: व्यक्तिमा हुनु पर्ने राम्रा र असल गुणहरूको सूची तयार गर्न  गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ३ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** राष्ट्रिय विभूति वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- राष्ट्रिय विभूति वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो प्रदर्शन गरी वहाँहरूको राम्रा गुणहरूको चर्चा गरिदिनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरिपरि मन पर्ने व्यक्तिहरूको नाम सम्झन लगाउनु होस् ।
- ती व्यक्तिहरू राम्रो लाग्नुको कारण बताउन लगाउनु होस् ।
- असल मानिस हुन आवश्यक पर्ने गुणहरू बताउन लगाउनु होस् ।
- असल मानिसमा हुनु पर्ने गुणहरू कक्षा कोठाका कुन कुन साथीहरूसँग छ? कुन कुन शिक्षकहरूसँग छ ? छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।
- असल बानी व्यहोरा र गुण हुन के के चाहिन्छ ? सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** कस्ता गुण भएका मानिस सबैले मान्ने र मन पराउने हुन्छन् ? प्रस्तुत गर्न लगाउनु होस् ।

**सक्षमता ६**: असल तथा महान् व्यक्तिमा भएका राम्रा गुणहरूको अनुकरण गरी व्यवहारमा उतार्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** राष्ट्रिय विभूति वा स्थानीय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो, असल गुणहरू लेखिएको चार्ट ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- राष्ट्रिय विभूति वा स्थानीय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो, असल गुणहरू लेखिएको चार्ट देखाएर विद्यार्थीहरूलाई आफ्नो अनुभूति बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरिपरि असल र समाजले महान् ठानेका व्यक्तिहरूका राम्रा गुणहरू बताउन लगाउनु होस् ।
- ती व्यक्तिहरूबाट विद्यार्थीले के अपेक्षा गरेको हुन्छ ? बताउन लगाउनु होस् ।
- सबै जनाले राम्रो र असल भन्नलाई आफूले गर्नु पर्ने मुख्य कुराहरूको सूची तयार गर्न लगाउनु हो् ।
- असल आचरण गर्न कसरी सकिन्छ भन्ने बारेमा सके सम्म तिनै व्यक्तिहरूलाई श्रोत व्यक्तिको रूपमा बोलाएर उनीहरूको अनुभव बताउन लगाउनु होस् ।
- विद्यार्थीलाई आफू असल बन्न उनीहरूले गर्न सक्ने मुख्य क्रियाकलाप उल्लेख गर्न लगाउनु होस् ।
- असल बानी व्यहोरा र गुण हुन के के चाहिन्छ ? सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** असल र ख्याति प्राप्त व्यक्तिमा भएको गुण जस्तै : बनाउन विद्यार्थीहरूले के के काम र व्यवहार गर्न सक्दछन् ? सो को बारेमा बताउन लगाउनु होस् ।

# कक्षा २ का लागि

## १. पाठ्यक्षेत्र - स्थानीय भूगोल, कला र संस्कृति

**सक्षमता १**: आफ्नो वडाको भूगोलको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४

**ख) आवश्यक शैक्षिक सामग्री :** आफ्नो वडाको भौगोलिक सतह देखिने फोटो, पोष्टर तथा वृत्तचित्र ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न लगिएका पोष्टर, चित्र, आदिलाई देखाउँदै विद्यार्थीहरूले त्यस्ता ठाऊँहरू देखेका छौ भनी प्रश्नोत्तर तथा छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घर र विद्यालय भएको वडामा भएको भूगोल कस्तो छ भन्ने बारेमा बताउन लगाउनु होस्  ।
- शिक्षकले विद्यार्थीको घर र विद्यालय भएको वडाको भूगोलको बारेमा जानकारी दिने । जस्तैः तराइको भाग, पहाड, पहाडको बीचमा भएको समथर भूभाग, भिरालो भाग आदि ।
- विद्यार्थीालाई समूहमा राखेर एक अर्काको वडा रहेको भूगोलको बारेमा परिचित हुन छलफल गरी भूगोलको नाम बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आफ्नो वडाको  भौगोलिक अवस्थाको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।
- शिक्षकले वडाको भूगोलको अवस्थाको नाम र परिचय बताउनु होस् ।

**क्रियाकलाप नं. ३**

- क्षेत्र भ्रमण गराएर वा विभिन्न प्रकारका भौगोलिक अवस्थाको बारेमा जानकारीमूलक वृत्तचित्र प्रस्तुत गरेर उचाई र सतहको आधारमा हुने फरक भूगोलको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** जमीनको सतह अनुसार विद्यार्थीहरूलाई उनीहरूको घर तथा विद्यालय भएको वडा कस्तो भुगोलमा रहेका छन् ? बताउन लगाउनु होस् ।

**सक्षमता २**: आफ्नो घर वरिपरिको फोहोर र सफा वातावरणको परिचय दिन ।

**क) सम्भावित कार्य घण्टा :** ४

**ख) आवश्यक शैक्षिक सामग्री :** फोहोर र सफा वातावरण देखिने देखिने फोटो, पोष्टर तथा वृत्तचित्र । मानिसहरूले फोहोर गर्दै गरको र सफा गर्दै गरको चित्र/ पोष्टर ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीलाई शैक्षिक सामग्री देखाएर छलफल गराउने । चित्रमा के के देखिएको छ ? कुन कुन कुरा राम्रा हुन् र किन भन्ने जस्ता प्रश्न राख्दै छलफलमा सहभागी बनाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर वरिपरि कस्ता कुराहरू भए उनीहरू खुसी हुन सक्छन् भन्ने बारेमा छलफल गराउनु होस् ।
- विद्यालय वरिपरि के कस्ता सामग्रीहरू र वातावरण ( बगैंचा, फूलबारी, खानेपानीको व्यवस्था, शौचालयको व्यवस्थापन, ढल निकासको व्यवस्था, फोहोर वस्तुहरूको विसर्जन.....) भएमा रमाइलो लाग्छ भन्ने विषयमा छलफल गराउनु होस् ।

**क्रियाकलाप नं. २**

- सफा वातावरण र फोहोर वातावरणको सामान्य चिनारी दिने गरी छलफल गराउनु होस् ।

- सफा वातावरणबाट हुने फाइदा र फोहोर वातावरणबाट हुने बेफाइदाका बारेमा विद्यार्थीहरूबाट भन्न लगाउनु होस् ।
- सफा वातावरणबाट हुने फाइदा र फोहोर वातावरणबाट हुने बेफाइदाका बारेमा थप जानकारी दिन वरिपरि त्यस्ता वातावरण भएको ठाउँमा क्षेत्र भ्रमण गराउनु होस् । त्यस्ता वातावरण भएका स्थानहरू भएका वृत्तचित्र वा अन्य सामग्रीहरूको प्रदर्शन गरी विद्यार्थीहरूलाई देखाउनु होस् ।
- विद्यार्थीले आफ्नो घर वरिपरि भएको फोहोर तथा सफा वातावरणबाट अनुभूति गरको कुरालाई व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** फोहोर र सफा वातावरणको परिचय दिन लगाउनु होस् । सफा र फोहोर बनाउने मुख्य भूमिका कस्को हुँदो रहेछ ? बताउन लगाउनु होस् । विद्यार्थीहरूको भर वरिपरिको वातावरण कस्तो छ ? कारण सहित पहिचान गर्न लगाउनु होस् ।

**सक्षमता ३**: आफ्नो वरिपरिको भौगोलिक प्रकृतिक संरचनाको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विद्यालय वरिपरिको भूगोल देखिने पोष्टर/चित्र/फोटो, भिडियो, वृत्तचित्र आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रदर्शन गराउने र विद्यार्थीलाई अवलोकन गर्न लगाउनु होस् । उनीहरूले खोला, जङ्गल, चौर, समतल भाग आदि, कस्तो भूगोल देखे? वरिपरिको प्राकृतिक वातावरण कस्तो देखे अवलोकन गरेका कुराहरू प्रस्तुत गर्न लगाउनु होस् ।
- विद्यालय वरिपरि रहेको भौगोलिक अवस्थाको बारेमा विद्यार्थीहरूलाई भन्न लगाउनु होस् र शिक्षकले आवश्यकता अनुसार थप गरी बताइदिनु होस् ।
- आफु बसोबास गर्ने वडाको सबै भागमा एकै प्रकारको भूगोल छ वा फरक भूगोल छ ? विद्यार्थीहरूलाई छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थी बस्ने वडाको भागमा के कस्ता भौगोलिक संरचना छ ? बताउन लगाउनु होस् ।

**सक्षमता ४**: वन तथा सामुदायिक वनको परिचय दिन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** घना र पातले देखिने जङ्गलको पोष्टर/चित्र/फोटो, भिडियो, वृत्तचित्र आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रदर्शन गराउने र विद्यार्थीलाई अवलोकन गर्न लगाउनु होस् । चित्रमा देखिएको जस्तै : वन कतै देखेका छौ भनी विद्याथीहरूलाई सोध्ने । वनमा अरू के के पाइन्छ ? भनी विद्यार्थीहरूलाई छलफल गरी बताउन लगाउनु होस् ।
- वन र सामुदायिक वनको परिचय दिनु होस् ।
- वनबाट मानिसलाई कसरी फाइदा हुन्छ ? भनी विद्यार्थीहरूलाई तर्क प्रस्तुत गर्न लगाउनु होस् ।
- वनको महत्व स्पष्ट पारिदिनु होस् । वनबाट आर्थिक लाभ लिन सकिने विभिन्न क्षेत्रहरूको बारेमा स्पष्ट पारिदिनु होस् । पर्यटन व्यवसाय, दुर्लभ वन्यजन्तुको संरक्षण, प्राकृतिक संरक्षण, विभिन्न उद्योगलाई चाहिने कच्चा पदार्थको परिपूर्तिका लागि वनको महत्व छ भनी उल्लेख गरिदिनु होस् ।
- सामुदायिक वनको कारणले वनका सम्पदाहरू जोगिएका छन् भनी विभिन्न उदाहरण दिएर स्पष्ट पारिदिनु होस् ।

**घ) मूल्याङ्कन** : वनले मानिसलाई कसरी फाइदा पुऱ्याउँछ ? तार्किक प्रस्तुति गर्न लगाउनु होस् ।

**सक्षमता ५**: मूर्ति र चित्र उदाहरण सहित पहिचान गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** मूर्ति र चित्र दर्शाउने विभिन्न पोष्टर/चित्र/फोटो, भिडियो, वृत्तचित्र आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रदर्शन गराउने र विद्यार्थीलाई अवलोकन गर्न लगाउनु होस् । देखिएको कुन कुन मूर्ति र कुन कुन चित्र हुन् ? भनी विद्याथीहरूलाई सोध्नु होस् । मूर्ति र चित्रमा के फरक के छ भनी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूले कुनै व्यक्ति वा अन्य वस्तुको मूर्ति देखेको अनुभव छ भनी सोध्ने र त्यसको विशेषता बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूले कुनै व्यक्ति वा अन्य वस्तुको चित्र देखेको अनुभव छ भनी सोध्ने र त्यसको विशेषता बताउन लगाउनु होस् ।
- मूर्ति र चित्र बनाउँदा हुने मुख्य फरक के छ भनी विद्यार्थीलाई बताई दिनु होस् । जस्तै : मुर्ति बनाउँदा ठोस आकारमा हुन्छ र ठोस बस्तुको प्रयोग गरी बनाइन्छ भने चित्र बनाउँदा कलम, ब्रशले बनाइन्छ र आवश्यकता अनुसार रङ्ग लगाइन्छ ।
- मूर्ति र चित्र किन बनाइन्छ ? यसको महत्व बताई ददिनु होस् ।

**घ) मूल्याङ्कन :** मूर्ति र चित्रको उदाहरण सहित परिचय दिन लगाउनु होस् । उनीहरूले देखेका कुनै चित्र र मूर्तिको नामा भन्न लगाउनु होस् ।

**सक्षमता ५**: आफ्नो वडामा रहेका विभिन्न जातजाति र बोलिने भाषाको नाम भन्न ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** वडामा बासोबास गर्ने विभिन्न जातजातिको नाम र बोलिने भाषा लेखिएको शब्दपत्ति, चार्ट आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रदर्शन गराउने र विद्यार्थीलाई अवलोकन गर्न लगाउनु होस् । वडामा बासोबास गर्ने विभिन्न जातजातिको नाम र बोलिने भाषा टिपोट गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूको घर नजीकै बसोबास भएका मानिसहरूको जात र उनीहरू कुन भाषा बोल्दछन् त्यसको नाम भन्न लगाउनु होस् ।
- अरू जातजातिको रहन सहन र बोल्ने भाषा विद्यार्थीहरूलाई कस्तो लाग्छ ? बताउन लगाउनु होस्।
- सबै जातजाति र भाषाभाषीको सम्मान गर्न र माया गर्नु पर्दछ भनी व्याख्या गरिदिनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूको वडामा बसोबास गर्ने मानिसहरूको जात र उनीहरूले बोल्ने भाषाको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ७** : स्थानीय स्तरमा मनाइने विभिन्न चाडपर्वको नाम र विशेषता बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** भित्ते पात्रो, विभिन्न चाड पर्व उल्लेखित पोष्टर/चित्र/फोटो, चाडपर्व झल्कने भिडियो, वृत्तचित्र आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- आफूले लगेका शैक्षिक सामग्रीको अवलोकन गर्न गर्न लगाई विद्यार्थीले देखेको र बुझेको कुरा बताउन लगाउनु होस् । चित्रमा के देखिएको छ ? कुन बेलामा मानिसहरूले चित्रमा देखिएका जस्ता क्रियाकलापहरू गर्छन् भनी विद्यार्थीहरूलाई आपसमा छलफल गरी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरमा मनाइने विशेष र सामान्य चाडपर्वको नाम उल्लेख गर्न तथा सूची तयार गर्न लगाउनु होस् ।
- कक्षाका सबै विद्यार्थीले आ-आफ्नो घरमा मनाउने गरेका चाडपर्वको बारेमा एक आपसमा छलफल गर्न लगाउनु होस् । केही जिज्ञासामूलक प्रश्नहरू निम्न अनुसार हुन सक्छन् -के सबै जनाको घरमा उस्तै चाडपर्व मनाउने गरेको छ ? के सबैलाई अरूले मनाउने चाडपर्वको बारेमा जानकारी छ ? किन फरक वा समान चाड पर्व मनाउने गरेको होला ?
- आफ्नो घरमा मनाउने चाडपर्वमा के कस्ता कार्यक्रम गरिन्छ भन्ने आधारमा चाडपर्वको नाम र विशेषता उल्लेख गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- शिक्षकले चाडपर्वको नामहरू र ती चाडपर्वमा गरिने मूख्य क्रियाकलापको बारेमा छलफल गर्दै बताइदिनु होस् ।
- समाजका ज्येष्ठ नागरिक समेतलाई आमन्त्रण गरी विभिन्न जातजाति तथा भाषाभाषीले मनाउने चाडपर्वको बारेमा व्याख्यान गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. ३**

- स्थानीय रूपमा मनाइने चाडपर्वको अवसरमा विद्यार्थीहरूलाई अवलोकन गराउन क्षेत्र भ्रमण गराउनु होस् र त्यसबाट सिकेका कुराहरू लिपिबद्ध गरी व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूलाई उनीहरूको घरमा मनाइने गरेका मुख्य दुइ दुइ ओटा चाड पर्वको नाम भन्न लगाउनु होस् र ती चाड पर्वमा घरमा के के भएको थियो त्यो अवस्थालाई वर्णन गर्न लगाउनु होस् ।

**सक्षमता ८ :** स्थानीय रूपमा पाइने दैनिकी खानाका परिकार, चाड पर्व विशेष खानाका परिकारहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** खानाका परिकार बनाउन चाहिने विभिन्न सामग्रीको शब्द पत्ती, खानाका परिकार भएका विभिन्न चित्र तथा फोटोहरू, खानाका विभिन्न परिकारहरूको नमूना ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई उनीहरूको घरमा दैनिक नियमित रूपमा खाइने खानाको परिकाहरूको नाम उल्लेख गरी सूची तयार गर्न लगाउनु होस् ।
- शैक्षिक सामग्रीको रूपमा लगेका विभिन्न सामग्रीहरू विद्यार्थीहरूलाई देखाएर त्यसको परिचय दिन, अनुभव बताउन लगाउनु होस् ।
- कक्षाका सबै विद्यार्थीले आ-आफ्नो घरमा खाने गरेका खानेकुराको बारेमा एक आपसमा छलफल गर्न लगाउनु होस् । केही जिज्ञासामूलक प्रश्नहरू निम्न अनुसार हुन सक्छन् -के सबै जनाको घरमा उस्तै खाना खाइने गरेको छ ? के सबैलाई अरूले खाने खानाको बारेमा जानकारी छ ? किन फरक वा एकै प्रकारको खाना खाने गरेको होला ?
- आफ्नो घरमा खानाको लागि प्रयोग हुने खानेकुरा कहाँबाट उत्पादन हुन्छ ? ताजा खानेकुरा खानलाई के के कुरामा ध्यान दिनु पर्छ जस्ता विषयमा एक आपसमा छलफल गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- शिक्षकले स्थानीय रूपमा खाइने खानेकुराहरूको नाम बताइदिने र विभिन्न प्रकारका खानेकुराहरूको महत्व बताई दिनु होस् ।
- नजीकको स्वास्थ्य चौकी वा स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्तिलाई आमन्त्रण गरी विभिन्न प्रकारका खानेकुराको महत्वका बारेमा प्रष्ट पार्न लगाउनु होस् ।
- चाडपर्व विशेष तथा विभिन्न अवसरमा खाने खानेकुराको बारेमा विद्यार्थीहरूलाई भन्न लगाउनु होस् । जस्तै : साउनमा खीर, माघमा खिर्चो आदि ।

**क्रियाकलाप नं. ३**

- स्थानीय रूपमा विभिन्न अवसरमा खाने खानेकुरा विद्यालयमा बनाउन वा त्यस्तै कार्यक्रमको आयोजना गरी विद्यार्थीहरूलाई सो अवसरमा खानाको परिकार बनाएर खुवाउने व्यवस्था मिलाउनु होस् ।
- विभिन्न खानेकुराको श्रोत के के हुन् भन्ने बारेमा विद्यार्थीलाई छलफल गराउनु होस् र शिक्षकले थप गर्नु पर्ने भए सो समेत बताइदिने । जीवनको आधार खानेकुरा भएकाले खानेकुरा फाल्न अथवा दुरूपयोग गर्नु हुँदैन भन्ने कुरा अनुभूति गराउन विभिन्न माध्यमहरूको प्रयोग गर्नु होस् ।

**घ) मूल्याङ्कन :** स्थानीय रूपमा पाइने र विभिन्न चाड पर्वमा प्रयोगमा आउने विभिन्न खानेकुराको नाम भन्न लगाउनु होस् ।

## २. पाठ्य क्षेत्र : स्थानीय प्रशासन, शिक्षा र विकास

**सक्षमता १ :** आफू बसोबास गर्ने र विद्यालय भएको स्थानीय तहको सरकारको नाम उल्लेख गर्न र त्यसको वडा संख्या बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको कार्यालयको फोटो, गैंडाकोट नगरपालिकाको क्षेत्र देखिने नक्शा, विद्यालय भएको वडाको वडा कार्यालयको फोटो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्री देखाउनु होस् र उनीहरूले अवलोकन गरेको कुरा व्यक्त गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई विद्यालय र आफ्नो बसोबास भएको स्थान कुन स्थानमा पर्दछ त्यसको नाम भन्न लगाउनु होस् ।
- देशको विभिन्न भौगोलिक इकाइहरूको राजनीतिक रूपमा देश, प्रदेश र पालिकाहरूमा विभाजन गरिएको छ र त्यसरी विभाजन गर्नुको मुख्य उद्देश्य सरकारी सेवालाई प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउनु हो भनी बताई दिनु होस् ।
- विद्यालय भएको स्थान र विद्यार्थीको घर भएको स्थानको गैंडाकोट नगरपालिकाको वडा र टोलको नाम भन्न लगाउनु होस् र उनीहरूलाई घरको तथा विद्यालयको ठेगाना बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई उनीहरू बसोबास गर्ने वडाको वडा संख्या भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरबाट विद्यालयसम्म आउने बाटोको नक्शाको आकृति कोर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो घर र विद्यालय भएको पालिकाको नाम भन्न लगाउनु होस् । ती पालिकाको नाम भन्न लगाउनु होस् । आफू बसोबास गर्ने स्थानको वडा नम्बर भन्न लगाउनु होस् ।

**सक्षमता २ :** आफ्नो विद्यालय र घरको भौगोलिक ठेगानाको पूरा नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** विभिन्न चिठीपत्रको खामको नमूना ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई आफूले लगेको शैक्षिक सामग्री प्रदर्शन गरी उनीहरूले अवलोकन गरेको कुरा भन्न लगाउनु होस् र चिट्ठी पाउने व्यक्तिको घर ठेगाना लेखेको ढाँचा अध्ययन गर्न लगाउनु होस् । ठेगाना सही तरिकाले लेख्ने तरिका बताइदिनु होस् ।
- विद्यार्थीहरूलाई विद्यालय र आफ्नो बसोबास भएको स्थान गैंडाकोट नगरपालिकाको कति नं. वडामा पर्दछ सोको बारेमा बताउन लगाउनु होस् । कुन स्थानमा पर्दछ त्यसको नाम भन्न लगाउनु होस् ।
- आफ्नो विद्यालय र घर एउटै वडामा पर्दछ कि फरक फरक वडामा पर्दछ ? वडाका विभिन्न स्थान र घर भएको ठाउँ पत्ता लगाउनु होस्  निर्धारण गरिएका टोल, चोक र अन्य पहिचान दिन सक्ने फरक भौगोलिक स्थानको नाम बताउन लगाउनु होस् ।
- अन्य स्थानबाट विद्यार्थीको घर सम्म आउन बाटो चिनाउन अरूलाई कसरी बताउन सकिन्छ भनी बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आफ्नो घर र विद्यालय भएको नगरपालिका कुन जिल्ला र प्रदेश भित्र पर्दछ ? भनी विद्यार्थीलाई छलफल गरी बताउन लगाउनु होस् ।
- गैंडाकोट नगरपालिकाको टोल, वडा नं., नगरपालिका को नाम, जिल्लाको नाम र प्रदेश क्रमशः लेख्दा यो ठाँउको पूरा ठेगाना हुन्छ भनी बताइ दिनु होस् ।
- विद्यार्थीको घर र विद्यालयको पूरा ठेगाना लेख्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** गैंडाकोट नगर पालिकामा भएका वडा र तिनीहरूको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ३** : आफ्नो वडामा रहेका शैक्षिक संस्थाहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** गैंडाकोट नगरपालिकाको आफ्नो वडामा रहेका विभिन्न शैक्षिक संस्थाहरूको फोटे वा चित्र, भिडियो, तिनीहरूको नाम लेखिएको कार्ड आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । ती संस्थाले गर्ने मुख्य काम के हो भनी छलफल गर्न लगाउनु होस् । तिनीहरू कहाँ छन् भनी पहिचान गर्न लगाउनु होस् ।
- आफू बसोबास गरेको वडा तथा विद्यालय भएको वडामा विद्यार्थीहरूले देखेका विभिन्न प्रकारका सेवा प्रदायक संस्थाहरूको नाम भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूसँग शिक्षा प्रदान गर्ने संस्थाहरको बारेमा छलफल तथा अन्तरक्रिया गराउनु होस् । जस्तैः उनीहरूले देखेका विभिन्न प्रकारका संस्था वा व्यक्तिगत प्रयासमा खोलेका संस्थाहरू मध्ये शिक्षा प्रदान गर्ने संस्थाहरू कुन कुन हुन् ? ती संस्थाहरूमा सेवा लिन आउने र सेवा दिने को को हुन ?

**क्रियाकलाप नं. २**

- विद्यार्थीको बसोबास भएको गैंडाकोट नगरपालिकाको वडामा भएका शिक्षा प्रदायक संस्थाहरू कहाँ कहाँ छन् र कुन कुन हुन् भन्ने बारेमा विद्यार्थीहरू बीच छलफल गर्न लगाउनु होस् । तिनीहरूको नाम लेख्न लगाउनु होस् ।
- नजीकका शैक्षिक संस्थामा लगेर त्यहाँको वातावरणको अवलोकन गर्न लगाई विद्यार्थीको अनुभूति व्यक्त गर्न लगाउनु होस् ।

**मूल्याङ्कन :** वडामा भएका विभिन्न विद्यालय, कलेजको नाम सूचीकृत गर्न लगाउनु होस् ।

**सक्षमता ४** : शैक्षिक संस्थामा हुनु पर्ने कुनै सात ओटा राम्रा कुराहरूको सूची तयार गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** राम्रा शैक्षिक संस्थाको वातावरण झल्कने पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । अवलोकनबाट प्राप्त सिकाइको व्याख्या गर्न लगाउनु होस् ।
- एउट राम्रो विद्यालयमा हुनु पर्ने न्युनतम सामग्रीहरू के के हुन् ? विद्यार्थीहरूको छलफलबाट प्रस्तुत गर्न लगाउनु होस् र त्यस सम्बन्धी व्याख्या गर्नु होस् ।
- विद्यालयमा कस्तो कुराको उपलब्धता भयो भने उनीहरूलाई अझ बढी अध्ययन गर्न मन लाग्छ भन्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- नजीकका राम्रो शैक्षिक संस्थामा लगेर त्यहाँको वातावरणको अवलोकन गर्न लगाई विद्यार्थीको अनुभूति व्यक्त गर्न लगाउनु होस् ।
- राम्रा शैक्षिक संस्थामा हुनु पर्ने कुनै ७ ओटा राम्रा कुराहरू विद्यार्थीलाई भन्न लगाउनु होस् । जस्तै : : सफा वातावरण, सुरक्षित भवन, उपयुक्त खेल मैदान, राम्रो पुस्तकालय, व्यवस्थित प्रयोगशाला, दक्ष र प्रतिबद्ध शिक्षक, विद्यार्थी शिक्षक असल सम्बन्ध, अनुशासित विद्यार्थी, आदि ।

**घ) मूल्याङ्कन :** राम्रा शैक्षिक संस्थामा हुनु पर्ने कुनै ७ ओटा विशेषताहरू बताउन लगाउनु होस् ।

**सक्षमता ५** : शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो भनी बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** मौलिक हक अन्तर्गत शिक्षा सम्बन्धी हक लेखिएको कार्ड ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । नेपालको संविधानको मौलिक हकमा लेखिएका शिक्षा सम्बन्धी अधिकारको व्याख्या गर्न लगाउनु होस् ।
- शिक्षाको अभावमा मानिसले राम्रो अवसर पाउन नसक्ने भएकोले सबैलाई न्याय दिन सरकारले सबै शिक्षाको सुनिश्चित गर्न पर्दछ भनी बताई दिनु होस् ।
- सबै व्यक्तिमा उत्तिकै क्षमता हुन्छ भन्ने मान्यता भएकाले शिक्षा पाउनु हरेक व्यक्तिको जन्मसिद्ध अधिकार हो भनी व्यख्या गरिदिनु होस् ।

**घ) मूल्याङ्कन :** शिक्षालाई व्यक्तिको जन्मसिद्ध अधिकार हो भनी कहाँ व्याख्या गरिएको छ भनी सोध्नु होस् ।

**सक्षमता ६** : असल र सफल बन्न शिक्षा अनिवार्य माध्यम हो भन्ने कुरा तार्किक रूपमा उदाहरण सहित व्यक्त गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** विभिन्न वैज्ञानिक, साहित्यकार तथा राष्ट्रिय विभूतिहरूको तस्बीर ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । तस्बीरमा देखिएका व्यक्तिहरूको बारेमा केही जानकारी भए विद्यार्थीलाई भन्न लगाउनु होस् ।
- शिक्षकले ती महान व्यक्तिको उपलब्धिको बारेमा व्यख्या गरिदिनु होस् ।

- शिक्षाले व्यक्तिलाई आफ्नो ज्ञान र सीपको प्रबर्द्धन गर्न र सफलता प्राप्त गर्न सहयोग गर्दछ भनी बताई दिनु होस् ।
- आफ्नै समाज र घर वरिपरि पनि उच्च शिक्षा प्राप्त गरेको व्यक्तिको उदाहरण दिँदै सफलताको कथा सुनाइदिनु होस् ।

**क्रियाकलाप नं. २**

- समाजमा प्रतिष्ठित महानुभावहरूलाई बोलाएर आफ्नो इतिहास र शिक्षा प्राप्तिका लागि गर्नु परेको परिश्रम बारे प्रवचन दिन आमन्त्रण गर्नु होस् ।

**घ) मूल्याङ्कन :** शिक्षाले व्यक्तिलाई कसरी सहयोग गर्न सक्दछ ? उदाहरण सहित व्याख्या गर्न लगाउनु होस् ।

**सक्षमता ७** : आफूले दिनभरी गर्ने कार्यलाई योजनाबद्ध रूपमा सूचीकृत गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) सम्भावित शैक्षिक सामग्री :** विद्यालयको वार्षिक योजना, शिक्षकको दैनिक योजनाको नमूना ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शिक्षकले शैक्षिक सामग्रीलाई कक्षा कोठामा प्रदर्शन गरी अवलोकन गर्न लगाउनु होस् । तस्बीरमा देखिएका योजनाले कसलाई कसरी सहयोग गर्दछ विद्यार्थीलाई भन्न लगाउनु होस् ।
- योजना के हो र यसको महत्वको बारेमा व्याख्या गरिदिनु होस् ।

**क्रियाकलाप नं. २**

- आज दिन भरी के के काम गर्ने भनेर पहिल्यै योजना बनाउँछौ वा जस्तो कामको आवश्यकता पर्दछ त्यही अनुसार काम गर्दछौ भनी विद्याथीहरूको अनुभव बताउन लगाउनु होस् ।
- योजनाबद्ध तरिकाले गरेको काममा प्रयत्न/लगाव केन्द्रित हुने हुनाले नतीजा प्राप्त हुन सहज हुन्छ भनी बताइ दिनु होस् ।
- विद्यार्थीको लागि एउटा दैनिकीको ढाँचा दिनु होस् ।
- एक दिनको दैनिकी तयार गर्न लगाउनु होस् ।

**मूल्याङ्कन :** योजना किन आवश्यक छ भनी सोध्नु होस् । विद्यार्थीलाई रमाइलोसँग दिन बिताउने गरी एक दिनको योजना बनाउन लगाउनु होस् ।

## ३. पाठ्य क्षेत्र : विज्ञान प्रविधिको साक्षरता र सुरक्षा

**सक्षमता १** : सूचना र सञ्चारको कुनै ५ साधनहरूको नाम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** सूचना र सञ्चारका लागि प्रयोग गरिने विभिन्न सामग्रीहरू, त्यस्ता सामग्रीहरूको नमूना, चित्र, पोष्टर आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्री प्रदर्शन गर्नु होस् । ती सामग्री किन र कसरी प्रयोग हुन सक्छन् भन्ने विषयमा छलफल र अन्तरक्रिया गराउनु होस् ।
- विद्यार्थीहरूलाई आफूलाई भन्न मन लागेको कुरा अरूलाई कसरी जानकारी दिन्छौ भनी उनीहरूको अनुभव बताउन लगाउनु होस् ।
- अरूले भनेको वा बताएको कुरा तिमीले कसरी बुझ्दछौ भनी विद्यार्थीहरूको अनुभव सुनाउन लगाउनु होस् ।
- आफूले जानेको वा थाहा पाएको कुनै कुराको बारे अरूलाई जानकारी दिन के कस्ता साधनहरू प्रयोग गरेको अनुभव छ अथवा अरूले कुन कुन साधन प्रयोग गरेका छन् ? ती साधनको सूची तयार गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- सञ्चारका साधनबाट मानिसलाई हुने कनै २ ओटा फाइदा बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई मन पर्ने सञ्चारका साधनको बारेमा बताउन लगाउनु होस् । ती साधनको नाम र मन पर्नुको कारण उल्लेख गर्न लगाउनु होस् ।
- आधुनिक सूचना तथा सञ्चारका कुनै ५ ओटा साधनको नाम भन्न लगाउनु होस् र तिनीहरूको काम समेत भन्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** सूचना तथा सञ्चारका कुनै ५ साधनहरूको नाम बताउन लगाउनु होस् र तिनीहरूको फाइदा भन्न लगाउनु होस् ।

**सक्षमता २** : आफ्नो घर तथा समाजमा प्रयोग हुने विद्युतीय सामग्रीहरूको उपयोगिता बताउन

**क) सम्भावित कार्य घण्टा** : ५ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न प्रकारका विद्युतीय सामग्रीहरू, त्यस्ता सामग्रीको चित्र, फोटो, पोष्टर आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीलाई शैक्षिक सामग्रीको रूपमा तयार पारिएका सामग्रीहरू अवलोकन गर्न र प्रयोग गर्न दिनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरमा प्रयोग हुने विभिन्न विद्युतीय सामग्रीहरूको सूची तयार गर्न लगाउनु होस् ।
- विद्युतीय सामाग्रीहरू कुन कुन कामको लागि प्रयोग गरिन्छ ? सो को बारेमा सूची बनाउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई विभिन्न विद्युतीय सामग्रीको चित्र वा नमूना देखाएर त्यसको नाम र उपयोगिता बताउन लगाउनु होस् ।
- विद्युतीय सामग्री नभएका भए के हुन्थ्यो होला ? सो सम्बन्धमा विद्यार्थीलाई तार्किक आधार प्रस्तुत गर्न लगाउनु होस् । जस्तै : : विजुली बत्ती नभएको भए के हुन्थ्यो होला? विजुलीको पंखा नभएको भए के हुन्थ्यो होला ? जस्ता प्रश्नहरू गरी विद्यार्थीहरू बीच छलफल गर्न लगाउनु होस् ।
- विद्युातीय सामग्रीहरूको महत्व र यसको प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरू समेत विद्यार्थीहरूलाई बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** दैनिक जीवनमा प्रयोग भई रहेका विभिन्न ५ ओटा विद्युतीय सामग्रीहरूको उपयोगिताको बारेमा विद्यार्थीहरूलाई बताउन लगाउनु होस् ।

**सक्षमता ३** : दैनिक रूपमा आफूले प्रयोग गर्ने सामानहरू र घरका कोठाहरूको आकारको नाम बताउन र चित्र कोर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** घरमा अथवा विद्यालयमा प्रयोग गरिने विभिन्न सामग्रीहरू, त्यस्ता सामग्रीहरूको नमूना, चित्र/पोष्टर, विभिन्न आकारका घरका कोठाहरूको चित्र/पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । ती सामग्रीहरूको आकार कस्तो छ ? आकारको नाम बताउन  छलफल र अन्तरक्रिया गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूले देखेका विभिन्न सामग्रीको आकारको चित्र कोर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूले दिन भरी के कस्ता सामग्रीहरू प्रयोग गर्दछन् ? सोको सूची तयार गर्न लगाउनु होस् ।

- सामग्रीको आकारको आधारमा केही नियमित आकारको नाम बताइ दिनु होस् । जस्तै : वृत्ताकार, वेलनाकार, आयताकार आदि ।
- विद्यार्थीले प्रयोगमा ल्याउने गरेका सामग्रीको आकार कस्तो थियो भनी सामग्रीको नाम र आकारको नाम बताउन लगाउनु होस् ।
- कक्षा कोठामा भएका र दैनिक प्रयोगमा आउने केही नमूना वस्तुहरू प्रदर्शन गर्दै ती वस्तुको आकारको नामाकरणको बारेमा छलफल गराउनु होस् । त्यस्ता आकारको नामको पहिचान गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूको कक्षाकोठाको आकारको चित्र कोर्न लगाउनु होस् । चित्रमा उल्लेख गरे अनुसारको आकारको नाम भन्न गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूले प्रयोग गर्ने विभिन्न प्रकारको सामग्रीको आधारमा त्यसका आकारको स्केच तयार गर्ने लगाउनु होस् ।
- विद्यार्थीहरूले बनाएको चित्रको आकारको आधारमा त्यसको नामाकरण गरिदिनु होस् । जस्तै : : पानी पिउन प्रयोग गर्ने गिलासको चित्र बनाएमा बेलनाकार, लाम्चो ...... आदि ।

घ) **मूल्याङ्कन :** दैनिक प्रयोग हुने सामग्रीको विभिन्न प्रकारका आकारको नाम भन्न लगाउनु होस् । विद्यालय तथा कक्षा कोठाको आकारको चित्र कोर्न रे नाम भन्न लगाउनु होस् ।

**सक्षमता ४** : दैनिक जीवनमा प्रयोग हुने कुनै सात क्रियाकलापको विज्ञान सम्मत कारण उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न काम गरेको चित्र, पोष्टर वा वृत्तचित्र, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । त्यस्ता कामहरू गर्नुको विज्ञान सम्मत कारण के हुन सक्छन् ? विद्यार्थीलाई प्रश्नोत्तरको माध्यमबाट छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूले दिन भरी के कस्ता क्रियाकलापहरू गर्दछन् ? सोको सूची तयार गर्न लगाउनु होस् ।
- घरका अरू सदस्यहरूले गर्ने क्रियाकलापलाई सहज बनाउन गरिएका केही उदाहरणहरू विद्यार्थीसँगको छलफलबाट तय गर्न लगाउनु होस् ।
- गर्मी याममा पातला लुगा लगाउनुको कारण के होला ? भन्ने प्रश्नको उत्तर विद्यार्थीहरूबाट भन्न लगाउनु होस् । विद्यार्थीहरूले दिएका उत्तरलाई विज्ञानसँग जोड्ने तार्किक उत्तरहरू शिक्षकले दिने । शरीरबाट उत्पन्न भइरको तातोपनलाई सहजै बाहिर जान सजिलो हुने भएकोले गर्मी समयमा पातलो लुगा लगाइने गरेको हो भनी विद्यार्थीहरूलाई बताई दिनु होस् ।

**क्रियाकलाप नं. २**

- घरको भान्छामा तरकारी काट्न प्रयोग गर्ने चक्कु वा अन्य हतियारको धार मसिनो बनाइने कारण के होला भनी छलफल गराउनु होस् । विद्यार्थीले दिएको उत्तरमा विज्ञान सम्मत कारण नभएमा धारिलो हतियार भनेका साधरण यन्त्र हुन, यिनीहरूले कामलाई सरल र किफायती बनाउन सहयोग गर्दछन् भनी बताई दिनु होस् । जति धेरै धारिलो हुन्छ त्यति नै त्यो औजारले कामलाई सरल बनाउन सहयोग गर्दछ भनी बताई दिनु होस् ।

**क्रियाकलाप नं. ३**

- विद्यार्थीको घरमा भइरहेका अन्य क्रियाकलापका विज्ञान सम्मत कारण खोज्न र त्यसलाई उदाहारहण सहित सहजीकरण गर्नु होस् ।
- घरयासी रूपमा प्रयोग हुने केही क्रियाकलापलाई कक्षा कोठामा प्रयोग गरी प्रष्ट पार्नु होस् ।

**घ) मूल्याङ्कन :** दैनिक क्रियाकलापहरू गर्दा जोडिएका विज्ञान सम्मत कारणहरू उल्लेख गर्न लगाउनु होस् ।

**सक्षमता ५** : आफ्नो घरमा प्रयोग हुने कुनै ४ ओटा साधारण उपकारणको नाम र काम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ५ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** घरमा दैनिक रूपमा प्रयोग हुने विभिन्न सामग्रीहरू जस्तै : चक्कु, कैंची, चिम्टा, किला आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । अवलोकन गरेका वस्तुहरू देखेका भए तिनीहरू के काममा उपयोग गरिन्छ भनी उत्तर लेख्न लगाउनु होस् ।
- ती सामग्री प्रयोग गरी काम गर्दा सहज र सजिलो भएको भए त्यसको कारण के होला ? बताउन लगाउनु होस् ।
- ती सामग्रीबाट अझ सरल तरिकाले काम गर्न के गर्नु पर्ला उत्तर दिन लगाउनु होस् ।जस्तै : चक्कुबाट सहज तरिकाले काम गर्न त्यसको धार अझ तिखो बनाउने, बींड समाउने ठाउँ अझ फराकिलो र कसेर समात्न मिल्ने बनाउनु पर्दछ भनी बताई दिनु होस् ।

**क्रियाकलाप नं. २**

- घरमा प्रयोग गर्ने सामग्रीहरूबाट अझ धेरै सजिलोसँग काम गर्न ती सामग्रीलाई के कसरी प्रयोगमा ल्याउन सकिन्छ होला ? सो को तर्क पेश गर्न विद्यार्थीहरूलाई समूहमा छलफल गराउनु होस् । जस्तै : कोठामा भएको टेबललाई अर्को ठाउँमा सार्न टेबलको खुट्टामा पाङ्ग्रा जडान गरिदिनु पर्छ भनी बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** दैनिक क्रियाकलापहरू सञ्चालन गर्दा प्रयोगमा आउने कुनै ४ ओटा साधरण उपकरणको नाम र काम उल्लेख गर्न लगाउनु होस् ।

**सक्षमता ६** : दैनिक उपयोगमा आउने विद्युत र विद्युतीय सामग्रीबाट हुने खतरबाट बच्ने तरिका बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ६ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** दैनिक उपयोगमा आउने विद्युत र विभिन्न विद्युतीय सामग्रीहरूको प्रयोग गर्दा हुन सक्ने खतराजन्य घटना दर्शाउने चित्र, पोष्टर वा भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । विद्युतीय सामग्री चलाउँदा हुन सक्ने खतराजन्य दुर्घटनाहरूको बारेमा छलफल गराउनु होस् ।

**क्रियाकलाप नं. २**

- धारिला हतियार चलाउँदा र अन्य सरल यन्त्रका सामग्री चलाउँदा सुरक्षाका उपायहरू अपनाएर मात्र चलाउन पर्दछ भनी उदाहरण सहित स्पष्ट पारी दिनु होस् ।
- विद्युतीय सामग्रीको प्रयोग सुरक्षित तरिकाबाट नहुँदा त्यसबाट हुन सक्ने सम्भावित दुर्घटनाको बारेमा विद्यार्थीहरूलाई बताई दिनु होस् ।
- विद्युत र विद्युतीय सामग्रीको सही प्रयोग गर्ने उपायहरू र त्यसबाट सुरक्षित रहन अपनाउन पर्ने सम्भावित सबै खालका तरिका बारेमा विद्यार्थीसँग छलफल र अन्तरक्रिया गर्दै स्पष्ट पार्नु होस् ।

**घ) मूल्याङ्कन :** विद्युतीय सामग्री चलाउँदा हुन सक्ने खतरा र त्यसबाट बच्न सक्ने उपायहरू बताउन लगाउनु होस् ।

**४. पाठ्यक्षेत्र : स्थानीय उत्पादन, उद्योग र व्यवसाय**

**सक्षमता १** : आफ्नो परिवारका सदस्यले अपनाएका पेशाको नाम र महत्व बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न पेशा दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । उनीहरूले गरेको अवलोकनबाट के के कुराको जानकारी भयो भन्न लगाउनु होस् । किन मानिसहरू फरक काम गर्दछन् भन्ने विषयमा छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यहरूले गर्ने मुख्य काम के के हुन् भनी बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई घरको आम्दानीको मुख्य श्रोत के हो र त्यसमा काम गर्ने अभिभावक को हुनु हुन्छ भन्ने कुरा बताउन लगाउनु होस् ।
- यी छलफल र प्रश्नोत्तरका आधारमा विभिन्न पेशाहरूको नाम शिक्षकले बताई दिनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई विद्यालय नजीक रहेको कुनै घरमा अवलोकन गराएर त्यहाँको उत्पादन तथा आम्दानी गर्ने श्रोतको बारेमा परिचित हुन क्रियाकलाप गराउनु होस् ।
- विभिन्न प्रकारका पेशाको महत्व छलफल गरी प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूको घरका सदस्यले अपनाएको पेशाको नाम बताउन लगाउनु होस् । कक्षाकोठामा प्राप्त हुन आएका उत्तरलाई सूचीबद्ध गर्न लगाउनु होस् । पेशाको महत्व उल्लेख गर्न लगाउनु होस् ।

**सक्षमता २** : परिवारले अपनाएको मुख्य पेशा सम्बन्धी काम छोटकरीमा उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ८ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न पेशा दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रदर्शन गर्नु होस् । उनीहरूले गरेको अवलोकनबाट के के कुराको जानकारी भयो भन्न लगाउनु होस् । उनीहरूले अवलोकन गरेको दृश्यमा घरका अभिभावकले गर्ने काम पनि देखे वा देखेनन् छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यहरूले अपनाएको मुख्य पेशा बताउन लगाउनु होस् ।
- परिवारले अपनाएको मुख्य पेशामा के के काम गर्नु पर्दछ ? काम गरिसकेपछि त्यसबाट के प्राप्त हुन्छ ? पेशाबाट आएको आम्दानीले घरको अनिवार्य खर्च गर्न पुग्छ कि पुग्दैन भन्ने धारण दिन छलफल र अन्तरक्रिया गर्ने ।

**क्रियाकलाप नं. २**

- यी छलफल र प्रश्नोत्तरका आधारमा विद्यार्थीहरूलाई मन पर्ने पेशाको बारेमा बताउन लगाउनु होस् ।
- विद्यार्थीले मन पराएका  पेशाका राम्रा पक्षहरू के छन् ? उनीहरूबाट व्यक्त गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीका घरका सदस्यले अपनाएका पेशामा के के काम गर्नु पर्दछ र त्यसबाट के नतीजा प्राप्त हुन्छ ? बताउन लगाउनु होस् ।

**सक्षमता ३**: आफ्नो समुदायमा चलिआएका मुख्य पेशाको नाम सूचीकृत गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ५ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न पेशा दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार विभिन्न पेशासँग सम्बन्धित क्रियाकलाप गरेको क्रियाकलाप झल्काउने चित्र, पोष्टर प्रदर्शन गर्नु होस् । त्यस्तो क्रियाकलाप गर्ने पेशाको नाम बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीको घर वरिपरि भएका व्यक्तिहरूले अपनाएका विभिन्न पेशा सम्बन्धी कार्यको सूची तयार गर्न र उक्त पेशाका राम्रा पक्षहरूको बारेमा विद्यार्थीलाई बताउन लगाउनु होस् । कामको व्याख्या गर्न जान्ने तर पेशाको नाम भन्न नसक्ने अवस्थामा शिक्षकले त्यस्ता पेशाको नाम बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो घर समाजमा अपनाएका विभिन्न पेशाको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ४:** वरिपरि चलन चल्तीमा रहेका यातायातका साधानहरूको नाम उल्लेख गरी त्यसको महत्व बताउन ।

**क) सम्भावित कार्य घण्टा :** ५ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न यातायातका साधन दर्शाउने चित्र, पोष्टर, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएका यातायातका साधनहरूको चित्र, पोष्टर प्रदर्शन गर्नु होस् । ती सामग्री के कामका लागि प्रयोग हुन्छन् ? छलफल गराउनु होस् ।
- विद्यार्थीहरूलाई यातायातको साधनको बारेमा जानकारी दिन विभिन्न उदाहरणहरू दिनु होस् ।
- मानिस कुनै एक ठाउँबाट अर्को ठाउँमा जान तथा मालसामनहरू एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न प्रयोग हुने साधनहरू नै यातायात हुन भनी स्पष्ट पार्नु होस् ।

**क्रियाकलाप नं. २**

- समूहमा छलफल गराई विद्यार्थीहरूले देखेका र जानेका यातायातका साधनहरूको नाम बताउन लगाउनु होस् ।
- ती साधनहरूबाट मानिसलाई हुने फाइदा उल्लेख गर्न लगाउनु होस् ।
- यातायातको साधनहरूको उपयोग गर्दा सुरक्षामा ध्यान दिनु पर्ने विषयहरूको बारेमा जानाकारी गराउनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो वरिपरि देखिने विभिन्न प्रकारका यातायातका साधनको नाम भन्न लगाउनु होस् । यातायातका साधनहरूको महत्व उल्लेख गर्न लगाउनु होस् ।

**सक्षमता ५:** पाहुना र आगन्तुक पर्यटकहरूलाई स्वागत सत्कार र आकर्षण गर्न सकिने तरिका उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ५ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** प्राकृतिक रूपमा रमणीय स्थल भएको चित्र, मानिसले अरूलाई स्वागत तथा सत्कार गरेको फोटो चित्र, भिडियो आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरणः**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएको चित्र, पोष्टर तथा भिडियो प्रदर्शन गर्नु होस् । विद्यार्थले के के देख्न सके अथवा अवलोकनबाट उनीहरूलाई के कुराको जानकारी भयो भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आआफ्ना घरमा सधैं घरका सदस्यहरू मात्र रहनु हुन्छ अथवा कहिलेकाहीँ घर भन्दा बाहिरका आफन्तहरू आउने गर्नु भएको छ भनी प्रश्न सोध्नु होस् ।
- घरमा अन्य आफन्त अथवा चिनेजानेको व्यक्तिहरू आउनुका कारण के होला भनी विद्यार्थीहरूलाई भन्न लगाउनु होस् ।
- घरमा अन्य आफन्त अथवा चिने जानेको व्यक्तिहरू आउँदा विद्यार्थीहरूलाई कस्तो अनुभूति हुन्छ ? जस्तै : खुसी, रमाइलो, रिस उठ्ने, लाज लाग्ने आदि के हुन्छ ? बताउन लगाउनु होस् ।
- चिनेका र आफन्त अथवा नातेदारहरू पाहुना हुन् भने नचिनेका तर नयाँ ठाउँमा घुमघाम र बास बस्न आएका नयाँ मान्छेहरू पर्यटक हुन् भनी बताउनु होस् ।

**क्रियाकलाप नं. २**

- घरमा अन्य आफन्त अथवा चिने जानेको व्यक्तिहरू आउँदा उहाँहरूलाई खुशी र रमाइले वातावरणको सिर्जना गर्न के के  गर्न सकिन्छ भन्ने सम्बन्धमा  विद्यार्थीहरूलाई बताउन लगाउनु होस् । जस्तै : आगन्तुकलाई मिठो खानेकुरा दिएर, उनीहरूसँग रमाइलो र हँसिलो सँग बोलेर ...... आदि बताउन लगाउनु होस् ।
- आफू अरूको घरमा जाँदा के कस्ता कारणले रमाइलो र फेरी जाऊँ जाऊँ लाग्ने हुन्छ बताउन लगाउनु   होस्।
- सुन्दर र सफा प्राकृतिक वातावरणले पनि मानिसहरूलाई कुनै स्थानमा जान प्रेरित गर्छ भन्ने कुरा बताइदिनु होस्।
- यीनै छलफलका आधारमा पाहुना र आगन्तुकहरूलाई स्वागत सत्कार र आकर्षण गर्न सकिने तरिकाहरू बताउनु होस् ।

घ) **मूल्याङ्कन :** पाहुन तथा अतिथिहरूलाई आकर्षण गर्न के कस्ता तरिका अपनाउन सकिन्छ छलफल गरी प्रस्तुत गर्न लगाउनु होस् ।

## ५. पाठ्यक्षेत्र - सहकारी र बैङ्क

**सक्षमता १**: परिवारका सदस्यले गर्ने आम्दानीका श्रोत र अनिवार्य रूपमा गर्नु पर्ने खर्चका क्षेत्रहरू बताउन ।

क) **सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

ख) **आवश्यक शैक्षिक सामग्री :** विभिन्न शीर्षकमा मालसमान बेच्दै र किन्दै गरेको विभिन्न चित्र, पोष्टर र भिडियो ।

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न तयार गरिएको चित्र, पोष्टर तथा भिडियो प्रदर्शन गर्नु होस् । विद्यार्थीले के के देख्न सके अथवा अवलोकनबाट उनीहरूलाई के कुराको जानकारी भयो भन्न लगाउनु होस् ।
- विद्यार्थीहरूको घरमा प्रत्येक दिन बाहिरबाट के के बस्तुहरू किनेर ल्याइन्छ ? कुन कुन कुरा बिक्री गरी आम्दानी गर्न सकिन्छ ? सो को सूची बनाउन लगाउनु होस् ।
- कहिलेकाहीँ किनेर ल्याइने वस्तुहरू के के हुन् ? त्यसको सूची तयार पार्न लगाउनु होस् ।
- सरसामान किनेर ल्याउन बाहेक अरू कुन कुन कामको लागि घरबाट खर्च गर्नु परेको छ ? त्यसको बारेमा छलफल गर्न लगाउनु होस् । जस्तै : विरामी भएर उपचार गर्दा, विद्यालयमा विभिन्न नाममा शुल्क तिर्दा, अन्य ठाउँमा घुम्न जाँदा आदि ।
- आफ्नो घरबाट बस्तु विक्री गरेर वा अरूलाई सेवा दिएर के कसरी आम्दानी हुन्छ ? बताउन लगाउनु होस्।

**क्रियाकलाप नं. २**

- क्रियाकलाप नं. १ मा उल्लेख भएका खर्च गर्नु पर्ने क्षेत्रहरू मध्ये कुन कुन कुरामा खर्च अनिवार्य रूपमा गर्नु पर्छ र कुन कुन कुरामा खर्च नगरे पनि हुन्छ त्यसको वर्गीकरण गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई दैनिकी सञ्चालन गर्दा खर्च गर्ने क्षेत्रहरू प्राथमिकीकरण गर्नु पर्छ भन्ने अवधारणा दिनुहोस् र यसको आवश्यकताको बारेमा छलफल गराउनु होस् ।

घ) **मूल्याङ्कन :** घरमा दैनिकी चलाउन नभइ नहुने सामग्रीहरू के के हुन् र तिनीहरूलाई घरभित्र ल्याउने तरिका के के हुन सक्छन् ? विद्यार्थीलाई बताउन लगाउनु होस् ।

घरमा हुने आम्दानीका श्रोतहरू र खर्च गर्नु पर्ने क्षेत्रहरू के के हुन् ? सूची तयार गर्न लगाउनु होस् ।

**सक्षमता २** : आम्दानीबाट अत्यावश्यक रूपमा गर्नु पर्ने खर्च र वचत गर्ने तरिका उल्लेख गर्न ।

क) **सम्भावित कार्य घण्टा :** ३ कार्य घण्टा

ख) **आवश्यक शैक्षिक सामग्री :** आम्दानीबाट भएको रकमबाट खर्च गरी बाँकी रहेको रकम बचत गर्न बैंक तथा अन्य संस्थामा जान लागेको क्रियाकलाप झल्काउने चित्र,पोष्टर र भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- चित्र, पोष्टर तथा भिडियो देखाएर मानिसहरूले गरेको क्रियाकलाप उल्लेख गर्न लगाउनु होस् ।
- हामीलाई दिन दिनै चाहिने आधारभूत सामग्रीहरू कुन कुन हुन् र तिनीहरूको उपलब्धता कहाँबाट हुन्छ भन्ने कुरा विद्यार्थीहरूको बीचमा छलफल गर्न लगाइ सूची तयार गर्न लगाउनु होस् ।
- घरमा बाहिरबाट किनेर ल्याउने वस्तुहरूको सूची तयार पार्न लगाउनु होस् । त्यस्ता कुराहरू घरमा उत्पादन गर्न सकिन्छ वा सकिँदैन छलफल गर्न लगाउनु होस् ।
- घरमै उत्पादन गर्न सक्ने वस्तुहरू विक्री गरेर पनि आम्दानी गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीहरूलाई स्पष्ट पार्नु होस् ।

**क्रियाकलाप नं. २**

- घरमा हुने जम्मा आम्दानी कति हुन्छ र त्यसबाट खर्च गर्ने प्राथमिकता कसले निर्धारण गर्छ भनी छलफलका आधारमा बताउन लगाउनु होस् ।
- अनिवार्य रूपमा खर्च गर्नु पर्ने रकम भन्दा बढी रकम आम्दानी हुने अवस्था बाहेक सके सम्म बढी खर्च गर्नु हुँदैन भन्ने कुरा बुझाउन विद्यार्थीहरू बीच र शिक्षक विद्यार्थी बीच अन्तरक्रिया सञ्चालन गर्नुहोस् ।
- आम्दानी बढाउने उद्देश्यले कुनै निश्चित कार्यक्रमका लागि लगानी गर्न र त्यसबाट बढी प्रतिफल प्राप्त गर्न आम्दानी भन्दा खर्च बढी हुन सक्ने अवस्था पनि आउन सक्छ भन्ने कुरा स्पष्ट पारिदिनु होस् ।

**घ) मूल्याङ्कन :** दैनिकी चलाउन खर्च भन्दा आम्दानी बढी बनाउन र बढी आम्दानी गर्न थप खर्च गरी लगानी गर्न पर्ने कुरा बताउन सक्ने गरी विभिन्न प्रस्तुति गर्न लगाउनु होस् ।

सामन्यतया दैनिकी सञ्चालन गर्दा फजूल खर्च नगर्ने र अत्यावश्यक कार्यमा मात्र खर्च गरी बचत गर्ने बानी बसाल्न के के गर्नु पर्दछ भनी बताउन लगाउनु होस् ।

**सक्षमता ३:** आम्दानीका आधारमा खर्चको दैनिकी सञ्चालन गर्न सकिने तरिकाहरू उल्लेख गर्न ।

**क) सम्भावित कार्य घण्टा :** ३ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानी र खर्च लेख्ने खर्चको खाता । खर्चको दैनिकीको ढाँचा ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- दैनिक रूपमा खर्च हुने र आम्दानीको श्रोत लेख्ने खाता वा रजिष्ट्रर देखाएर त्यसमा राखिएका अभिलेखको आधारमा आम्दानी र खर्चको सन्तुलन मिलाउन सकिने तरिका बताइदिनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा आम्दानी हुने अथवा कमाई हुने मुख्य श्रोतहरूको आधारमा दैनिक वा मासिक रूपमा कति हुन्छ भनी सूची तयार गर्न लगाउनु होस् ।
- कुन कुन शीर्षकमा खर्च हुन्छ ? त्यसको सूची तयार गर्न लगाउनु होस् ।
- खर्च र आम्दानीको सन्तुलन गर्दै किफयती रूपमा खर्च गरी बचत गर्ने बानी बसाल्नु पर्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताइदिनु होस् ।
- बचत गर्नाले हुने राम्रा कुराहरूको सूची तयार गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- दैनिक रूपमा अनिवार्य रूपमा हुने खर्चका शीर्षकहरूको सूची तयार गर्न लगाउनु होस् । खर्च गर्ने श्रोत के हुन सक्छ ? त्यसको पहिचान गर्न लगाउनु होस् ।
- आम्दानी कम र खर्च बढी हुने अवस्था आएमा अनिवार्य खर्चका क्षेत्रहरू पनि कटाउन प्रयत्न गर्ने र आम्दानी बढाउने उपाय खोजी गर्नु पर्दछ भनी विकल्प बताइ दिनु होस् ।

**घ) मूल्याङ्कन :** आम्दानी र खर्चको सन्तुलन मिलाउन के के गर्नु पर्ला भनी छलफल र प्रश्नोत्तर गराउने ।

**सक्षमता ४**: आम्दानी र खर्चलाई अभिलेख राख्ने तरिका र यसको महत्व बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** आम्दानी र खर्च लेख्ने खर्चको खाता तथा रजिष्ट्रर ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- दैनिक रूपमा खर्च हुने र आम्दानीको श्रोत लेख्ने खाता वा रजिष्ट्रर देखाएर त्यसमा राखिएका अभिलेखको आधारमा आम्दानी र खर्चको अभिलेख राख्न सकिने कुरा बताइदिनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा आम्दानी हुने अथवा अरूबाट लिनु पर्ने शीर्षक र रकम उल्लेख गरी अभिलेख राख्ने तरिका बताइ दिनुहोस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा खर्च हुने अथवा अरूलाई दिनु पर्ने हुने शीर्षक र रकम उल्लेख गरी अभिलेख राख्ने तरिका बताइ दिनुहोस् ।
- यी दुवैको तुलनाबाट घरको खर्च गर्न, अरूसँग लिन र दिनु पर्ने रकमको सही हिसाबको अभिलेख रहने कुरा स्पष्ट पारिदिनु होस् ।
- आम्दानी र खर्चको अभिलेखले कस्ता कुरामा खर्च गरियो र केबाट आम्दानी गरियो भनी अध्ययन गर्न सहज हुने र भविष्यमा त्यसको लेखाजोखा गरी योजना बनाउन सहज हुन्छ भनी बताइदिनु होस् ।

**घ) मूल्याङ्कन :** आम्दानी र खर्चको अभिलेख राख्नु पर्नाको कारण बताउन लगाउनु होस् ।

**सक्षमता ५**: बचतलाई सुरक्षित राख्ने र लगानी गर्न थप सहयोग गर्ने संस्थाहरूको नाम र काम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न बैङ्क तथा बचत संस्थाहरूको चित्र, फोटो वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई रकम बचत गर्ने र ऋण दिन सहयोग गर्ने विभिन्न संस्थाहरूको चित्र, फोटो वा भिडियो देखाएर यी संस्थाले गर्ने मुख्य कार्य के हुन् भनेर छलफल तथा प्रश्नोत्तर गराउनु होस् ।
- विद्यार्थीलाई उनीहरूको घरमा भएको बचतलाई सुरक्षित रूपमा कहाँ राख्ने गर्नु भएको छ ? सो को विवरण बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आफ्नो घर र विद्यालय नजीकमा रहेका वचतलाई सुरक्षित राख्ने र लगानी गर्न थप सहयोग गर्ने संस्थाहरूको नाम सङ्कलन गर्न लगाउनु होस् ।
- घर वरिपरि रकम जम्मा गर्ने संस्थाहरूमा कुन कुन छन् ? तिनीहरूको नाम र काम बताउन लगाउनु होस् ।
- वित्तीय संस्थाहरूले आम्दानीलाई सुरक्षित राखिदिने र लगानी गरी थप आम्दानी गर्न चाहनेलाई ऋण प्रदान गरेर सहयोग गर्दछन् भनी बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीको घर वरिपरि तथा वडा भित्र भएका रकम सङ्कलन गर्ने तथा लगानी गर्न ऋण दिने विभिन्न संस्थाहरूको नाम सोध्नु होस् । ती संस्थाले कस्तो काम गर्दछन् सो बताउन लगाउनु होस् ।

**सक्षमता ६**: आफ्नो घर वरिपरि भएका सहकारी संस्थाहरूको नाम र काम बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न सहकारी संस्थाहरूको चित्र फोटो वा भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई विभिन्न सहकारी संस्थाहरूको चित्र, फोटो वा भिडियो देखाएर यी संस्थाले गर्ने मुख्य कार्य के हुन् भनेर छलफल तथा प्रश्नोत्तर गराउनु होस् ।
- सहकारीको मुख्य काम र यसले समुदायमा पुऱ्याउन सक्ने योगदानका बारेमा नजीकका सहकारी संस्थामा आबद्ध भएका महानुभावहरूलाई बोलाएर प्रवचन दिन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- सामूहिक जवाफदेहिता र सामूहिक नेतृत्व तथा प्रजातन्त्रिक संस्कारबाट सहकारी सञ्चालन हुन्छन् भन्ने कुरा बताइदिनु होस् ।
- विद्यार्थीको घरमा अभिभावकहरू सहकारीको सदस्य अथवा नेतृत्वमा हुनु हुन्छ भने उहाँहरू आबद्ध सहकारीको नाम र त्यसको मुख्य काम लेख्न लगाउनु होस् ।
- घर वरिपरि रकम भएका सहकारी संस्थाहरूको नाम र काम सूचीबद्ध गर्न लगाउनु होस् ।

घ) **मूल्याङ्कन :** विद्यार्थीको घर वरिपरि तथा वडा भित्र भएका सहकारी संस्थाको नाम र कामको सूची तयार गर्न लगाउनु होस् ।

## ६. पाठ्य क्षेत्र : खेलकुद र नैतिक चरित्र

**सक्षमता १**: कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम बताउन ।

क) **सम्भावित कार्य घण्टा :** १ कार्य घण्टा

ख) **आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल खेलिरहेको चित्र, पोष्टर वा भिडियो ।

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका सामग्री प्रदर्शन गर्नु होस् । उनीहरूले अवलोकन गरेर बुझेका कुराहरू बताउन लगाउनु होस् ।
- विद्यार्थीलाई उनीहरूले खेल्ने गरेका स्थानीय खेलहरूको नामको सूची तयार गर्न लगाउनु होस् ।
- ती खेलहरू मध्ये कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम छुट्याउन लगाउनु होस् ।

घ) **मूल्याङ्कन :**कोठा भित्र र बाहिर खेल्ने खेलहरूको नाम भन्न लगाउनु होस् ।

**सक्षमता २** : स्थानीय रूपमा खेलिने लोकप्रिय खेलहरूका नाम सूचीबद्ध गर्न र ती खेल खेल्ने तरिका उल्लेख गर्न ।

क) **सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

ख) **आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल खेलिरहेको चित्र, पोष्टर वा भिडियो ।

ग) **शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार गरिएका सामग्री प्रदर्शन गर्नु होस् । उनीहरूले अवलोकन गरेर बुझेका कुराहरू बताउन लगाउनु होस् । चित्रमा देखिएका कुन कुन खेल स्थानीय रूपमा खेलिन्छन्? बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर वरिपरि तथा विद्यालय भित्र खेलिने लोकप्रिय र स्थानीय खेलहरूको नाम बताउन लगाउनु होस् ।
- खेलिने खेलहरूको नाम र खेल्ने तरिका बताउन लगाउनु होस् ।
- ती खेलहरू खेल्ने अवसर प्रदान गर्नु होस् ।

घ) **मूल्याङ्कन :** स्थानीय रूपम खेलिने खेलहरूको सूची तयार पार्न लगाउनु होस् ।

**सक्षमता ३**: आफूले खेल्ने खेलको खेल सामग्रीको नाम भन्न र निर्माण गर्न ।

क) **सम्भावित कार्य घण्टा :** ४ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न खेल सामग्रीको चित्र, पोष्टर, खेल बनाउँदै गरेको भिडियो, फिल्म आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्रीको रूपमा तयार भएको सामग्री विद्यार्थीहरूलाई प्रदर्शन गर्नु होस् ।
- विद्यार्थीलाई उनीहरूले खेल्ने खेलका लागि चाहिने सामग्रीको नाम सूचीबद्ध गर्न लगाउनु होस् ।
- ती मध्ये खेलमा प्रयोग हुने सामग्रीको नाम लेख्न लगाउनु होस् ।
- खेल सामग्री निर्माण गर्न सक्ने भए सम्म स्थानीय सामग्रीबाट खेल सामग्री निर्माण गर्न लगाउनु होस् ।
- खेल सामग्रीको सुरक्षा गर्न सकिने तरिकाहरू बताइदिनु होस् ।

**घ) मूल्याङ्कन :** आफूले खेल्ने खेलको नाम भन्न लगाउनु होस् । खेलिने खेलका सामग्रीको निर्माण गर्न लगाउनु होस् । ती सामग्रीको नाम भन्न लगाउनु होस् ।

**सक्षमता ४:** आफूमा भएका राम्रा गुणहरूको सूची तयार गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** असल व्यक्तिमा हुनु पर्ने राम्रा गुणहरू लेखिएको कार्ड पत्ति, कार्डवोर्ड आदि ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- विद्यार्थीहरूलाई मन पर्ने र असल लाग्ने मानिसहरूको नाम सम्भन लगाउने र उनीहरूको राम्रा व्यवहार र असल गुणहरू टिपोट गर्न लगाउनु होस् ।
- शैक्षिक सामग्री प्रदर्शन गर्नुहोस् । त्यहाँ लेखिएका गुणहरू र उनीहरूले असल मान्ने मानिसहरूको कुन कुन गुण मिल्छ त्यसको तुलना गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीहरूलाई अरू कुन कुन व्यक्तिहरूले मन पराउँछन् ? ती व्यक्तिको नाम सम्भेर टिपोट गर्न लगाउनु होस् । विद्याथीहरूको कुन कुन कुरा र असल गुणहरूले गर्दा अरूले मन पराएका हुन सक्छन् अन्दाज गर्न लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो राम्रा गुणहरूको सूची तयार गरी प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूलाई उनीहरूको राम्रो गुणको प्रस्तुति गर्न लगाउनु होस् र अभ्र असल बन्न कस्तो व्यवहारको विकास गर्नु पर्दछ भनी प्रस्तुत गर्न लगाउनु होस् ।

**सक्षमता ५:** असल व्यक्तिमा हुनु पर्ने राम्रा र असल गुणहरूको सूची तयार गर्न  गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा

**ख) आवश्यक शैक्षिक सामग्री :** राष्ट्रिय विभूति वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- राष्ट्रिय विभूति वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो प्रदर्शन गरी वहाँहरूको राम्रा गुणहरूको चर्चा गरिदिनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरिपरि मन पर्ने व्यक्तिहरूको नाम सम्भन लगाउनु होस् ।
- ती व्यक्तिहरू राम्रो लाग्नुको कारण बताउन लगाउनु होस् । असल मानिसमा हुनु पर्ने गुणहरू कक्षा कोठाका कुन कुन साथीहरूसँग छ? कुन कुन शिक्षकहरूसँग छ ? छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- राष्ट्रिय विभूति वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको राम्रा गुणहरूको कारणले वहाँहरू सफल हुनु भएको र सबैले मान्य व्यक्तिको रूपमा विकास हुन सक्नु भएको हो भनी बताइदिनु होस् ।
- असल बानी व्यहोरा र गुण हुन के के चाहिन्छ ? सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** कस्ता गुण भएका मानिस सबैले मान्ने र मन पराउने हुन्छन् ? सूचीबद्ध गरी प्रस्तुत गर्न लगाउनु होस् ।

**सक्षमता ६:** असल तथा महान् व्यक्तिमा भएका राम्रा गुणहरूको उल्लेख गरी सो को अनुकरण गर्ने तरिका बताउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा ।

**ख) आवश्यक शैक्षिक सामग्री :** राष्ट्रिय विभूति वा स्थानीय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो, असल गुणहरू लेखिएको चार्ट ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- राष्ट्रिय विभूति वा स्थानीय तथा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरूको फोटो, असल गुणहरू लेखिएको चार्ट देखाएर विद्यार्थीहरूलाई आफ्नो अनुभूति बताउन लगाउनु होस् ।
- विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरिपरि असल र समाजले महान् ठानेका व्यक्तिहरूका राम्रा गुणहरू बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- असल व्यक्तिहरूबाट के अपेक्षा गरिएको हुन्छ ? बताउन लगाउनु होस् ।
- सबै जनाले राम्रो र असल भन्नलाई आफूले गर्नु पर्ने मुख्य कुराहरूको सूची तयार गर्न लगाउनु होस् ।
- असल आचरण गर्न कसरी सकिन्छ भन्ने बारेमा सके सम्म तिनै व्यक्तिहरूलाई श्रोत व्यक्तिको रूपमा बोलाएर उनीहरूको अनुभव बताउन लगाउनु होस् ।
- विद्यार्थीलाई आफू असल बन्न र महान् व्यक्तिहरूको असल गुणहरूको अनुकरण गर्न के के गर्नु पर्दछ भनी विद्यार्थीहरू बीच छलफल गरी प्रस्तुत गर्न लगाउनु होस् ।

**घ) मूल्याङ्कन :** असल र ख्याति प्राप्त व्यक्तिमा भएको गुण जस्तै : बनाउन विद्यार्थीहरूले के के काम र व्यवहार गर्न सक्दछन् ? कसरी राम्रा व्यवहारको अनुकरण गर्न सक्छन् ? स्पष्ट बताउन लगाउनु होस् ।

**सक्षमता ७:** आफूसँग परिचित अथवा अपरिचित व्यक्तिहरू प्रति उचित आदार सम्मान र माया ममता प्रदर्शान गर्न ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा ।

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न तरिकाबाट अरू व्यक्तिलाई आदर गरेका चित्र, फोटो, अरूलाई सहयोग गरेको विभिन्न चित्र तथा पोष्टर, भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रस्तुत गरी विद्यार्थीहरूले अवलोकन गरेको कुरालाई प्रस्तुत गर्न लगाउनु होस् । जस्तैः कसले कसरी अरू प्रति आदर देखाएका छन् ? सक्ने व्यक्तिले अरूलाई कसरी सहयोग गरेका छन् ?
- विद्यार्थीलाई अरूले माया गरेको, आदार गरेको पाउँदा कस्तो लाग्छ भनी उनीहरूको अनुभूति व्यक्त गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- आदर सम्मान र माया ममता पाउँदा सबै मानिस खुसी हुन्छन् र फेरी फेरी पनि त्यस्ता व्यक्तिहरू सँग भेट हुन मन पराउँछन् भनी स्पष्ट पारीदिनु होस् ।
- खुसी भएको मानिसले सँधै राम्रो व्यवहार गर्दछन् । सबै मानिसहरूबाट राम्रो व्यवहार भयो भने समाजमा सधैं शान्ति र उन्नति हुन्छ भन्ने कुरा बताई दिनु होस् ।
- फरक ठाँउ र रहनसहनमा अरूलाई आदर सम्मान र माया ममता गर्ने तरिका फरक हुन सक्छन् । तर फरक तरिका भए पनि सबैलाई यी कुराहरूले आकर्षण गर्ने भएकाले हुँदा हाम्रा पाहुना र आगन्तुकहरूलाई पनि अवस्था अनुसार आदर सम्मान र माया ममता गर्नु पर्छ भनी बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** सबै जना सँग अवस्था अनुसार आदर सम्मान र माया ममता गर्नु पर्ने कारण उल्लेख गर्न लगाउनु होस् ।

सबै जनासँग अवस्था अनुसार आदर सम्मान र माया ममता प्रदर्शन गर्न कस्ता कस्ता क्रियाकलाप गर्न सकिन्छ भनी विद्यार्थीहरूलाई भन्न लगाउनु होस् ।

**सक्षमता ८**: आफ्नो व्यवहार र कामबाट अरूको हानी नहुने कुराको सुनिश्चितता गर्ने सचेतना देखाउन ।

**क) सम्भावित कार्य घण्टा :** २ कार्य घण्टा ।

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न तरिकाबाट अरू व्यक्तिलाई सहयोग गरेको चित्र, फोटो, पोष्टर, भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रस्तुत गरी विद्यार्थीहरूले अवलोकन गरेको कुरालाई प्रस्तुत गर्न लगाउनु होस् । जस्तै: आफूलाई गीत सुन्न मन लागेको छ भने त्यसलाई सानो आवज बनाएर सुन्ने, कक्षमा पढ्न मन लागेको छ भने आवज ननिकालीकन मनमनै पढ्ने ।
- अरूको कामबाट आफूलाई मन नपर्ने र हानी हुन्छ भने आफूलाई कस्तो अनुभूति हुन्छ ? व्यक्त गर्न लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- अरूलाई हानी हुने काम गर्दा ती मानिसहरूलाई मन पर्दैन र उनीहरूलाई दुखी बनाउँछ । मानिसले अरू मानिसलाई दुखी बनाउने काम गर्न हुँदैन भनी बताउने ।
- आफ्नो कक्षामा अरू साथीहरूले आफूलाई हानी नहुने काम गर्दा हुने अनुभूति र हानी हुने काम गर्दा कस्तो अनुभूति हुन्छ व्यक्त गर्न लगाउने ।
- अरूलाई हानी हुने काम गर्दा आफूलाई र हानी हुने व्यक्तिलाई समेत दुखी बनाउने हुनाले त्यस्तो काम कहिल्यै गर्नु हुँदैन भनी विद्यार्थीलाई उदाहरण सहित कथाको माध्यमबाट समेत बताई दिनु होस् ।

**घ) मूल्याङ्कन :** आफ्नो व्यवहार र कामबाट अरूको हानी नहुने कुराको सुनिश्चितता गर्ने सचेतना देखाउन के कस्तो क्रियाकलाप गर्न सक्दछौ भनी सोध्नु होस् । विद्यार्थीहरूको सामूहिक छलफलबाट प्रस्तुत गर्न लगाउनु होस् ।

**सक्षमता ८**: आफ्नो कामबाट अरूको भलो हुने कामको उदाहरण प्रस्तुत गर्न ।

**क) सम्भावित कार्य घण्टा :** १ कार्य घण्टा ।

**ख) आवश्यक शैक्षिक सामग्री :** विभिन्न तरिकाबाट अरू व्यक्तिलाई सहयोग गरेको चित्र, फोटो, पोष्टर, भिडियो ।

**ग) शिक्षण सिकाइ क्रियाकलाप विस्तृतीकरण:**

**क्रियाकलाप नं. १**

- शैक्षिक सामग्री प्रस्तुत गरी विद्यार्थीहरूले अवलोकन गरेको कुरालाई प्रस्तुत गर्न लगाउनु होस् । जस्तै: कसले कसलाई सहयोग गरेको छ ? के काममा सहयोग गरेको छ ?
- विद्यार्थीहरूलाई उनीहरूले गरेको कामबाट कसलाई भलो हुने काम गरेका छन् बताउन लगाउनु होस् ।
- उनीहरूलाई भलो हुने काम कसले गरेको छ ? के कुरामा भलो हुने काम भएको छ ? अनुभव बताउन लगाउनु होस् ।

**क्रियाकलाप नं. २**

- विद्यार्थीले अरूलाई भलो हुने काम गर्दा कस्तो अनुभव भएको छ ? बताउन लगाउनु होस् ।
- अरूले आफ्नो भलो हुन काम गरेको देख्दा कस्तो अनुभूति भएको छ ? बताउन लगाउनु होस् ।
- मानवको एउटा असल विशेषता अरूको भलो हुने काम गर्नु हो र नसके अरूको कूभलो हुने काम नगर्नु हो भनी व्याख्या गरी दिनु होस् ।

**घ) मूल्याङ्कन :** विद्यार्थीहरूले अरूको भलो हुने कुन काम कसरी गर्न सक्दछन् ? प्रस्तुत गर्न लगाउनु होस् ।

## ५. विद्यार्थीको सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन विधि

शिक्षकरुले माथि दिइएका प्रत्येक सक्षमताका आधरमा गर्ने क्रियाकलाप र मूल्याङ्कनका तरिकाहरू समेत उल्लेख गरिएका छन् । त्यही आधारमा क्रियाकलाप सञ्चालन गरिरहँदा पाठ्यक्रमले निर्धारण गरको सिकाइ सहजीकरण प्रक्रियाको उपयुक्त भाग र विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई पूर्ण रूपमा कार्यान्वयन गर्नु पर्दछ । पाठ्यक्रमको अनुसूचीमा दिइएका ढाँचाहरूको आधारमा निरन्तर मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ उपलब्धि निर्धारण गर्नु पर्ने छ ।